# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २६९ | काठमाडौं | आइतबार, १५ माघ २०७९ | Prabhab National Daily | Sunday, January 29, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


## एसइई परीक्षा चैत १७ देखि

■ प्रभाव संवाददाता

**भक्तपुर–** यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) आउँदो चैत १७ गतेदेखि सुरु हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको परीक्षा तालिका अनुसार परीक्षा चैत २९ सम्म हुनेछ ।

बिहान ८ देखि ११ बजेसम्म सञ्चालन हुने परीक्षाको पहिलो दिन चैत १७ गते शुक्रबार अनिवार्य अंग्रेजी विषयको परीक्षा हुने र सोही दिन वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत भाषा, साहित्य र अनिवार्य अंग्रेजीको परीक्षा हुने बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए ।

चैत १९ आइतबार अनिवार्य गणित, २० गते सोमबार अनिवार्य नेपाली र गैरनेपाली विद्यार्थीका लागि अंग्रेजीको परीक्षा हुनेछ । चैत २२ बुधबार अनिवार्य विज्ञान र वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत व्याकरण तथा अनुवादको परीक्षा हुने भएको छ । यस्तै चैत २३ बिहीबार अनिवार्य सामाजिक अध्ययन तथा प्राविधिकतर्फ फार्म म्यानेजमेण्ट एण्ड मार्केटिङ, इञ्जिनियरिङ ड्इङ, कम्प्युटर रिपियरिङ र मेन्टिनेन्स तथा बेसिक म्युजिकको परीक्षा हुने भएको छ ।

यसैगरी चैत २४ गते शुक्रबार अनिवार्य स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा, वेदविद्याश्रमतर्फ कर्मकाण्ड, (**बाँकी पृष्ठ २ मा**)

## अमेरिकी उपमन्त्री नुल्यान्ड आज नेपाल आउँदै

**काठमाडौं (प्रस)–** संयुक्त राज्य अमेरिकाका राजनीतिक मामिला उपमन्त्री भिक्टोरिया नुल्यान्ड दुई दिने भ्रमणका लागि आज नेपालमा आउँदै छिन् । भ्रमणको क्रममा उनले नेपालमा उच्च राजनीतिक भेटवार्ता गर्नुका साथै विभिन्न सांस्कृतिक सम्पदाको अवलोकनसमेत गर्ने बताइएको छ ।



उनले सन् २०२१ को अप्रिलमा राजनीतिक मामिलासम्बन्धी उपविदेशमन्त्रीका रूपमा शपथ लिएकी हुन् । त्यसअघि उनी वासिङ्टन डिसीमा अवस्थित विश्वव्यापी रणनीतिक परामर्श तथा वाणिज्य कूटनीति फर्म अल्ब्राइट स्टोनब्रिज ग्रुपमा वरिष्ठ परामर्शदाताका रूपमा कार्यरत थिइन् ।

उनी ब्रुकिंस इन्स्टिच्युसनमा गैरआवासीय (**बाँकी पृष्ठ २ मा**)

# हेलचेक्र्याइँले रविको सर्वस्व



- रविको राजनीतिक जीवनमा सर्वाधिक क्षति
- दोहोरो राहदानीको विषयले थप समस्यामा पर्ने

■ जेबी योञ्जन

**काठमाडौं–** २१ वर्षअघि अमेरिका गएपछि त्यहीँको नागरिकता प्राप्त गर्न नेपाली नागरिकता त्यागेका रवि लामिछानेले राजनीतिक जीवनमा सर्वाधिक क्षति बेहोरेका छन् । उनकै शब्दमा 'अनागरिक' हुँदा एकैचोटी राष्ट्रिय स्वतन्त्र पार्टीको सदस्य, सभापति, प्रतिनिधिसभा सदस्य, संसदीय दलको नेता र उपप्रधान तथा गृहमन्त्री पद गुमाए ।

समर्थकहरूको दाबी भने रविलाई 'फसाइएको' भन्ने छ । शनिबार उनीहरू आन्दोलित पनि भए । काठमाडौंको नयाँ बानेश्वरदेखि माइतीघरसम्म प्रदर्शन गरे । अदालतको फैसलाविरुद्ध उनीहरूले प्रश्न उठाएका छन् ।

नेपालको संविधानअनुसार भने नेपाली नागरिकलाई मात्रै राजनीतिक अधिकार छ । रविले अमेरिकी नागरिकता त्यागे पनि फेरि नेपाली नागरिकता प्राप्त गर्न प्रक्रिया पूरा नगर्दा उनी नेपाली नागरिक भएको सर्वोच्च अदालतको संवैधानिक इजलासबाट ठहरिएन, जसका कारण उनलाई राजनीतिक अधिकार भएन । परिणामतः पुरानो नागरिकताको आधारमा प्राप्त राजनीतिक लाभको पदबाट रवि मुक्त भए ।

रवि ती पूर्वसञ्चारकर्मीसमेत हुन्, जो यसअघि विधि र कानुनी राज्यको पक्षमा चर्कोगरी बोल्थे । कानुनको दृष्टिमा सबै समान भनिए पनि व्यावहारिकरूपमा देखिने 'सानालाई ऐन, ठूलालाई चैन'को विरोध गर्थे । तर, शुक्रबार आएको सर्वोच्च अदालतको फैसलालाई आधार मान्ने हो भने उनी विधिको शासन हुनुपर्छ भनेर बोल्नेमात्रै हुन् । सच्चा पालक देखिएनन् ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी रविले अमेरिकी नागरिकता त्यागेपछि पुनःप्राप्तिको प्रक्रिया पूरा गर्न हेल्चेक्र्याइँ गरेको ठान्छन् । 'विदेशी नागरिकता त्यागेको निस्सा सम्बन्धित निकायमा पेस गरेपछि पुरानो नागरिकता प्राप्तिको प्रक्रिया सुरू हुन्छ,' त्रिपाठीले प्रभावसँग भने, 'हो यो प्रक्रियामा रविजी चुक्नुभयो । यहाँ उहाँको हेल्चेक्र्याइँ देखियो ।'

२०५८ सालमा अमेरिका गएका रवि आठ वर्षपछि ग्रीन कार्डधारी मात्र भएनन् ९ फागुन २०७० मा अमेरिकी नागरिक भए । अमेरिकाको नागरिकता पाए । १२ दिनपछि अमेरिकी राहदानीवाहक भएका रवि तीन महिनापछि नेपालमा पर्यटक भिसामा आए । त्यहीबेला उनले अमेरिकी नागरिकता लिने क्रममा त्यागेका र खारेज भइसकेको नेपाली नागरिकताको आधारमा नेपाली राहदानी लिएको देखिएको छ ।

एकैपटक रवि दुई देशको राहदानीवाहक कसरी भए ? रविविरुद्ध कानुनीरूपमा यो प्रश्न पनि उठेको छ । यसबारे अनुसन्धान भने भएको छैन । तर, संवैधानिक इजलासमा न्यायाधीशहरूले यो विषयको उठान गरेका थिए । उठान भएका विषयको निरूपण न्यायिकरूपमा हुन बाँकी छ ।

रवि भने यतिबेला पहिचानविहीन छन् । समर्थकहरूलाई आफू कानुनीरूपमा चुकेको भनेका पनि छैनन् । यही (**बाँकी पृष्ठ २ मा**)

### विवादित विगत

राजनीतिक र प्रशासनिक क्षेत्रमा देखिएको बेथितिविरुद्ध टेलिभिजन कार्यक्रम 'सिधा कुरा जनतासँग' र पछि 'सिधा कुरा' मार्फत चर्को बोल्दा रवि लोकप्रिय भए । अझ विदेशमा दुःख पाएका नेपाली श्रमिकको पक्षमा पनि बोल्दा उनी भगवानजसरी पुजिए । त्यसकै परिणाम हो- दल खोलेर राजनीतिमा आएको छ महिना नहुँदै पार्टी प्रतिनिधिसभाको चौथो दल बन्नु ।

दशकौंअघि स्थापित दलहरू पटक-पटक सरकारमा जाँदा पनि जनताको अपेक्षाअनुसार विकास निर्माण नहुनु, सार्वजनिक सेवा प्रवाह बेथितिग्रस्त हुनु, भ्रष्टाचार बढेको बढेकै हुनुजस्ता कारणले निराश र आक्रोशित मतदाताको अपार माया चुनावमा पाएका हुन् । तर, रवि कानुनी अनुशासन पालनामा चुकेको देखियो । हुन त उनको विगत निकै विवादित पनि छ । उनले एसएलसी नदिँदै अनुशासनको कारबाहीमा भोगेका (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# पुस महिनामा रोजगारीका लागि ६५ हजारभन्दा बढी विदेशिए

### मंसिरको भन्दा १२ हजार ९०० न्यून

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको छैटौं महिना अर्थात् पुसमा ६५ हजारभन्दा बढी नेपाली श्रमिक रोजगारीका लागि विदेशिएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार पुस महिनामा वैदेशिक रोजगारीमा जानका लागि ६५ हजार ४६४ जनाले श्रम स्वीकृति लिएका हुन् । यो संख्या अघिल्लो महिना मंसिरको भन्दा १२ हजार ९०० ले न्यून हो । मंसिरमा ७८ हजार ३७० जनाले विदेश जान श्रम स्वीकृति लिएका थिए ।

कोरोना महामारीका कारण झण्डै दुई वर्ष थला परेको वैदेशिक रोजगारी गत आर्थिक वर्षबाट पुरानै लयमा फर्किएको हो । चालु आवको पुस महिनासम्म वैदेशिक रोजगारीमा जानेको संख्या उल्लेख्य छ । चालु आर्थिक वर्ष सुरु भएयता मलेसिया जाने नेपाली कामदारको संख्या उल्लेख्य बढे पनि पुस महिनामा गिरावट आएको छ । गत मंसिर महिनामा ३० हजार ५४० जनाले मलेसिया जना श्रम स्वीकृति लिएकोमा पुस महिनामा २० हजार ३३९ जनाले नयाँ तथा पुनः श्रम स्वीकृति लिएको विभागले उल्लेख गरेको छ । यद्यपि, श्रम स्वीकृतिको आधारमा यतिखेर रोजगारीका लागि अन्य मुलुकभन्दा मलेसिया नेपालीको रोजाइमा परेको विभागको तथ्यांकले देखाएको छ । गत आवमा नेपालीहरूका लागि पाँचौं श्रम गन्तव्य बन्न पुगेको मलेसियाले पहिलो स्थान ओगटेको छ । कामदारको चरम अभाव खेपिरहेको मलेसियाले नेपालबाट अधिक कामदार लैजाने रणनीति अपनाइरहेको वैदेशिक रोजगार व्यवसायीहरूको भनाइ छ।




**कुन देशमा कति ?**

| | | |
|---|---|---|
| मलेसिया | : | २०३३९ |
| कतार | : | १३०६६ |
| साउदी अरेबिया | : | ११६२७ |
| युएई | : | ९०२७ |
| कुवेत | : | ३८८९ |
| दक्षिण कोरिया | : | १२२९ |
| जापान | : | ७७६ |
| पोल्याण्ड | : | ७५१ |
| क्रोएसिया | : | ६९७ |
| बहराइन | : | ६६२ |

पुस महिनामा कतार जानका लागि १३ हजार ६६, संयुक्त अरब इमिरेट्स (युएई) नौ हजार २७, साउदी अरेबिया ११ हजार ६२७ र कुवेतमा जान तीन हजार ८८९ जनाले श्रम स्वीकृति लिएको विभागले जनाएको छ । यी पाँच देशले मात्रै कूल श्रम स्वीकृतिको ९० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको देखिन्छ । त्यस्तै माल्टामा ३२७, रोमानियामा ४७७, पोल्याण्ड ७५१, बहराइनमा ६६२, जापानमा ७७६, क्रोएसियामा ६९७ र ओमानमा ४५८ जनाले रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएका छन् ।

यसरी श्रम स्वीकृति लिएर युरोपेली मुलुक जाने नेपालीको संख्या भने निकै घटेको विभागको तथ्यांकले देखाउँछ । यस्तै इपिएस प्रणालीबाहेक श्रम स्वीकृति लिएर दक्षिण कोरिया जाने नेपालीको संख्या एक हजार २२९ रहेको छ । श्रम स्वीकृति लिनेमध्ये पुनः श्रम स्वीकृति लिने २६ हजार ६०० जना छन् । पहिलोपटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ३८ हजार ८६४ जना रहेको छन् । समग्रमा पुस महिनामा श्रम स्वीकृति लिनेमध्ये पाँच हजार ३३ जना महिला रहेको विभागले उल्लेख गरेको छ ।

विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार जिल्लागतरूपमा मधेसका जिल्लाबाट सबैभन्दा बढी रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । धनुषा, सिरहा, महोत्तरी, सर्लाही, रौतहट, बारा, सप्तरीबाट विदेश जानेको संख्या अन्य जिल्लाको भन्दा बढी रहेको छ । झापा, मोरङ, सुनसरी, रूपन्देही, तनहुँ, धादिङ, कपिलवस्तु, दाङ, स्याङजा र नवलपरासी पूर्वबाट पनि उल्लेख्य संख्यामा नेपालीहरू विदेश गएको विभागले जनाएको छ । उल्लिखित जिल्लाहरूबाट एक हजारदेखि चार हजारको हाराहारीमा नेपाली रोजगारीका लागि विदेशिएका छन् ।

चालु आर्थिक वर्षको सुरुआतदेखि नै रोजगारीका लागि मलेसिया जाने नेपाली कामदारको संख्या बढ्नुले खाडी मुलुकमा कामदारको माग घटेको संकेत गरेको वैदेशिक रोजगार व्यवसायीहरूको भनाई छ । तुलनात्मकरूपमा मलेसिया रहनसहन र पारिश्रमिकको हिसाबले पनि खाडी मुलुकभन्दा राम्रो रहेको मलेसियाको श्रमबजारका जानकार एवं नेपाल तोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसियसनका अध्यक्ष कुमुद खनालले बताए । पछिल्लो समय मलेसिया सरकारले श्रमिकको आधारभूत पारिश्रमिक बढाउने निर्णय गरेसँगै मलेसिया जाने नेपालीहरूको संख्या बढेको उनको भनाइ छ ।




# आजदेखि महानगरको वडाबाटै राष्ट्रिय परिचयपत्र

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले राष्ट्रिय सभागृहबाट संकलन गर्दै आएको राष्ट्रिय परिचयपत्र आजदेखि वडा कार्यालयहरूबाट नै उपलब्ध गराउने भएको छ। नागरिकलाई राष्ट्रिय परिचयपत्र निर्माणका लागि राष्ट्रिय सभागृहलाई केन्द्र तोकी विवरण संकलन गरिँदै आएकोमा त्यसलाई सहज बनाउन महानगरले वडा-वडाबाटै विवरण संकलन गर्न लागेको हो।

काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीका अनुसार राष्ट्रिय परिचयपत्र बनाउने नागरिकहरूको भीड अत्यधिक भएका कारण सेवा प्रवाह गर्न कठिन भएकाले आज (माघ १५) देखि वडाबाट नै फोटो खिचाउने कार्य गर्न लागिएको जानकारी दिए। 'हालसम्म महानगरले सभागृहबाट फोटो खिचाउने कार्य गरिरहँदा दैनिक १०० देखि १५० जनाको मात्र फोटो संकलन गर्न सम्भव भएकाले नागरिकलाई सहज भएको छैन, उनहरूलाई फोटो खिचाउन सहज होस् भन्ने उद्देश्यले वडा कार्यालयबाट नै फोटो खिचाउने कार्य गर्न लागिएको हो,' अधिकारीले प्रभाव दैनिकलाई भने।

काठमाडौंमा लाखौं जनताको बसोबास छ। तर, गृह मन्त्रालयबाट हरेक पालिकामा राष्ट्रिय परिचयपत्रका लागि एउटा मात्र केन्द्र स्थापना गरेकाले महानगरपालिकामा सेवा प्रवाह समस्या आएको अधिकारीले बताए। नागरिकले छिटो र सहजरूपमा सेवा पाउनुपर्छ भन्ने महानगरको उद्देश्यअनुरूप अहिले राष्ट्रिय परिचयपत्र वडाबाट नै दिने महानगरले निर्णय गरेको उनले बताए।

सरकारले राष्ट्रिय परिचयपत्रमार्फत नै सम्पूर्ण कार्य गर्न तयारी गरिसकेका कारण सबै सरकारी कामका लागि राष्ट्रिय परिचयपत्र आवश्यक पर्ने भएकाले वडामार्फत नै फोटो खिचाउँदा नागरिकलाई सहज हुने उनले बताए। प्रमुख प्रशासकीय अधिकृत अधिकारीका अनुसार पहिलो चरणमा महानगरपालिकाको वडाहरू २४ देखि ३२ सम्म आजबाट फोटो खिचिने र क्रमशः ३२ वटा वडामार्फत सेवा प्रवाह गरिनेछ।

नागरिकको पहिचानलाई डिजिटल पहिचान गर्ने, व्यक्तिगत र जैविक पहिचानलाई एकीकृत गर्ने राष्ट्रिय परिचयपत्र बनाउने अभियान सरकारले थालेको। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६, कार्यविधि २०७७ परिचयपत्रका कानुनी आधार हुन्। यसमा जनसांख्यिक र जैविक विवरण समावेश हुन्छ। जनसांख्यिक विवरणमा नाम थर, जन्म मिति, लिंग, राष्ट्रियता, स्थायी अस्थायी ठेगाना, बुबा आमा, पति पत्नी, बाजे बज्यैको नाम थर, नागरिकतासम्बन्धी सूचना पर्छन्। यसैगरी जैविक विवरणमा १० औंलाको छाप, आँखाको रङ, अनुहारको फोटोलगायत विवरण पर्छन्। यसप्रकारका विवरणबाट नागरिकको वास्तविक पहिचान प्रमाणीकरण हुन्छ। सार्वजनिक सेवा प्रवाह, शान्ति सुरक्षा, सामाजिक सुरक्षा, कर प्रणाली, राहदानीजस्ता सेवा यससँग आबद्ध हुने भएकोले सेवा वितरण र व्यवस्थापनमा सहज हुन्छ। हरेक व्यक्तिलाई १० अंकको छुट्टाछुट्टै परिचयपत्र दिइन्छ।

विवरण दिन जाँदा नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति, नागरिकताको प्रमाणपत्रमा जन्म मिति नखुलेको भए शैक्षिक योग्यताका प्रमाण पत्र, राहदानी वा यस्तै खालका मिति खुल्ने आधिकारिक प्रमाण चाहिन्छ। नागरिकताको प्रमाणपत्रमा उल्लेखितभन्दा फरक स्थायी ठेगाना भएमा बसाइँ सराइ दर्ताको प्रमाणपत्र सक्कलप्रति लैजान अधिकारीले सबैसँग आग्रह पनि गरेका छन्।

राज्य पुनःसंरचनाका कारण ठेगाना परिवर्तन भएको हकमा त्यस्तो कागजात आवश्यक पर्दैन। विवाहितको हकमा नागरिकताको प्रमाणपत्रमा पति वा पत्नीको नाम उल्लेख नभएमा वा फरक परेमा विवाह दर्ताको प्रमाणपत्रको सक्कल प्रति आवश्यक पर्छ।

# घरायसी समस्या वडाबाटै मेलमिलाप गराइँदै



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले मातहतका ३२ वटै वडामा गठन गरिएको महिला सञ्जालका संयोजक तथा सदस्यहरूलाई महिला सञ्जालले गर्नुपर्ने काम, कर्तव्य र अधिकार तथा सञ्चालन प्रणालीका बारेमा जानकारी दिनका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ।

अभिमुखीकरण तथा छलफल कार्यक्रममा बोल्दै महानगरपालिकाकी उपप्रमुख एवं न्यायिक समितिका संयोजक सुनिता डंगोलले लैंगिक हिंसाविरुद्ध वडास्तरीय महिला सञ्जाल गठन र कार्यविधिबाट सञ्चालन गर्ने काठमाडौं महानगरपालिका पहिलो भएको बताइन्। उनले महिला सञ्जालमार्फत घरायसी समस्या वडाबाट मेलमिलापका माध्यमबाट समाधान हुने र सामाजिक न्यायमा आधारित समाज निर्माण र न्यायिक समितिको न्याय निरूपणमा सञ्जालका कामले योगदान गर्ने विश्वास व्यक्त गरिन्।

उपप्रमुख डंगोलले महिला सञ्जाल सञ्चालन तथा व्यवस्थापनका लागि प्रतिवडा ५० हजार रूपैयाँ व्यवस्थापन खर्च विनियोजन गरेको र यसबाट कार्य सञ्चालन प्रणालीविना अवरोध सञ्चालन हुने अपेक्षा गरेकोसमेत बताइन्। महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले उजुरीउपर धेरै सुन्ने र थोरै बोलेर प्रतिक्रिया दिनुपर्ने, विवादको साटो मेलमिलापको बाटो भन्ने लक्ष्य लिएकाले यसका लागि मनैदेखि काम गरौं भन्ने महिला सञ्जालका सदस्यहरूमा देखिएको भावनाले सुखद परिणाम ल्याउने विश्वास व्यक्त गरे।

अभिमुखीकरण कार्यक्रममा काठमाडौं महानगरपालिकाको कानुन तथा मानवअधिकार विभागका प्रमुख वसन्त आचार्यले आफ्नो प्रस्तुतीकरण गर्दै देवानी प्रकृतिका सबै उजुरीमा महिला सञ्जालले मेलमिलाप गराउनसक्ने धारणा राखे। पक्ष र विपक्ष दुवै पक्षको हित र जित हुनेगरी न्यायिक मन भएका व्यक्तिहरू छन् भन्ने अनुभूति गराउनु सञ्जालको मुख्य काम भएको उल्लेख गर्दै सञ्जालले न्यायिक तथा विवाद मेलमिलाप कसरी गर्ने भन्नेबारेमा प्रस्ट पारेका थिए।

अभिमुखीकरणमा काठमाडौं महानगरपालिकाका ३२ वटै वडाका महिला सञ्जालका संयोजकहरूले महिला सञ्जाल गठन गरी हालसम्म गरेका कामका बारेमा अनुभव सुनाएका थिए। महिला सञ्जालमा घरजग्गा तथा अंशबण्डासम्बन्धी सम्पत्ति विवाद,

कोठा भाडामा लिने मानिस सम्पर्कमा नभएको, पारिवारिक विवाद, लगायत विभिन्न फरक, फरक प्रकृतिका विवादहरू आउने गरेका महिला सञ्जालका संयोजकहरूले जानकारी गराउनुभएको थियो।

पहिलेदेखि काम गर्दै आएको भए पनि अहिले कार्यविधि बनेपछि कामको सूची, अधिकार र दायित्वका बारेमा स्पष्ट भएको र अरुलाई न्याय दिनुपर्ने भएकाले महानगरपालिकाले क्षमता विकास गराउने कानुनी ज्ञानमूलक कार्यक्रम चलाउनुपर्ने माग संयोजकहरूको रहेको छ। 'काठमाडौं महानगरपालिका महिला सञ्जाल सञ्चालन कार्यविधि, २०७९' मा महिला वडा सदस्य संयोजक रहने व्यवस्था छ। महिला हिंसाविरुद्ध वडा तहमा क्रियाशील संस्थाका प्रतिनिधिमध्ये दुई जना र महिला अधिकारको क्षेत्रमा काम गर्ने मेलमिलापकर्ता, कानुन व्यवसायी, समाजसेवी वा पत्रकारमध्येबाट एक जना गरी तीन जना सदस्य संयोजकले छनोट गर्न पाउने प्रबन्धबमोजिम सञ्जाल गठन भएका छन्।

सञ्जालमा दलित महिला सदस्य र नजिकको प्रहरी कार्यालयका महिला प्रतिनिधि समितिको सदस्य रहने व्यवस्था पनि गरिएको छ। हिंसा, शोषण, दमन भेदभाव तथा अन्य कारणले अन्यायमा परेका महानगरमा बस्ने महिलाहरूलाई छिटो न्यायको पहुँच पुर्‍याउन महिला सञ्जाल गठन गरिएको हो। सामाजिक न्याय र सामाजिक पुनःस्थापनाका लागि न्यायिक र अर्धन्यायिक निकाय, विभिन्न संघ संस्थाहरूसँग सहकार्य र समन्वय गर्ने दायित्व महिला सञ्जाललाई दिइएको छ। सञ्जालले गरेका कामको चौमासिक प्रगति प्रतिवेदन न्यायिक समितिमा पेस गर्नुपर्ने व्यवस्था रहेको छ।

## हेलचेक्र्याइँले...

पृष्ठ १ बाट जारी

कारण राजधानीमा प्रदर्शन भएको हो। उनको चुनावी जिल्ला चितवनसहित देशका अन्य ठूला सहरहरूमा पनि प्रदर्शन हुन थालेका छन्।

उसो त रवि अमेरिकी नागरिकता त्यागेपछि नेपाली नागरिकता पुनः प्राप्तिको प्रक्रियामा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीका एक पदाधिकारीले बताएका छन्। कहिलेसम्म लिन्छन् भन्ने टुंगो छैन। तर, पनि उनको सांसद पद खारेज भएको चितवन-२ मा हुने उपनिर्वाचनमा उम्मेदवार बन्नेगरी तयारीमा जुटेका छन्। सरकारले उपनिर्वाचनको मिति भने तोक्न बाँकी छ।

गत ४ मंसिरमा भएको चुनावमा उनी भारी मतका साथ विजयी भएका थिए। निर्वाचन आयोगले सार्वजनिक गरेको परिणामअनुसार रविले ४९ हजार २६१ मत र कांग्रेसका उमेश श्रेष्ठले १५ हजार ९९ मत प्राप्त गरेका थिए। यसरी अधिक जनमत प्राप्त गरेका रवि आफ्नै हेलचेक्र्याइँले लाभको पदबाट विमुख मात्र भएनन्, अनागरिक पनि भए।

सर्वोच्चमा पेस गरेको लिखित जवाफमा उल्लेख भएको विवरणअनुसार रविले ४ जेठ २०७५ मा अमेरिकी दूतावासमा उक्त देशको नागरिकता र राहदानी त्यागको निवेदन दिएका थिए। सोही वर्षको ६ असारमा अमेरिकी नागरिकता त्यागेको जानकारी दिएको र १४ असारमा भने अमेरिकी नागरिकता त्यागको स्वीकृति लिएका थिए।

यद्यपि, उनी चुकेको भनेको अमेरिकी नागरिकता त्यागेको निस्सा नेपाल नागरिकता ऐन २०६३ अनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पेस नगरेका कारण हो। र, उनी यसअघि सभापति रहेको राष्ट्रिय स्वतन्त्र पार्टीको संसद्‌मा अब १९ सिट छ। यो दल सत्तारूढ पनि हो। गत असारमा स्थापित दलले रविको नेतृत्वमा छोटो समयमै राजनीतिक छलाङ मार्‍यो। तैपनि सभापति रवि नै नागरिकतासम्बन्धी विवादमा मुछिँदै अन्ततः नेपाली नागरिक नठहरिँदा दल रविविनाको भएको छ।

दलको कार्यवाहक सभापति डोलप्रसाद अर्याल भएका छन्। उनी श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीसमेत हुन्। यसअघि पार्टीको उनी उपसभापति थिए। पार्टी संसदीय दलको नेता पनि अर्याल नै भएका छन्।

## एसइई परीक्षा...

पृष्ठ १ बाट जारी

फलित ज्योतिष, संस्कृततर्फ अनिवार्य संस्कृत भाषा, प्राविधिकधारतर्फ जलीय कृषि तथा मत्स्यपालन, इलेक्ट्रिकल म्यानेजमेण्ट एण्ड इन्स्टल्मेण्ट, कम्प्युटर नेटवर्किङ, इञ्जिनियरिङ सर्भेइंग र म्युजिक अफ नेपालको परीक्षा हुनेछ।

साथै, चैत २५ शनिबार साधारण तथा संस्कृततर्फ ऐच्छिक प्रथमपत्रका सबै विषय, वेदविद्याश्रमतर्फ वेद तथा नीति शास्त्र र प्राविधिकतर्फ ऐच्छिक गणितको परीक्षा हुनेछ। चैत २६ गते आइतबार साधारण तथा संस्कृततर्फ ऐच्छिक द्वितीयपत्रका विषय, वेदविद्याश्रमतर्फ ऐच्छिक द्वितीयपत्रका सबै विषय, प्राविधिक धारतर्फ भेजिटेवल एण्ड मेडिसिनल प्लाण्ट प्रोडक्सन, डेरी एण्ड डेरी प्रडक्सन, युटिलाइजेसन अफ इलेक्ट्रिक इनर्जी, डाटावेस म्यानेजमेण्ट सिस्टम, बिल्डिङ कन्स्ट्रक्सन, म्युजिक टेक्नोलोजीको परीक्षा हुनेछ। चैत २७ गते सोमबार प्राविधिक धारतर्फ क्रप प्रोडक्सन, स्मल रुमेण्ट प्रोडक्सन एण्ड म्यानेजमेण्ट, इलेक्ट्रोनिक्स डिभाइस एण्ड सर्किट, वाटर रिसोर्सेस इञ्जिनियरिङ र इन्स्ट्रुमेण्ट किबोर्डको परीक्षा हुनेछ। चैत २८ गते मंगलबार प्राविधिक धारतर्फ इण्डस्ट्रियल इन्टोमोलोगी एण्ड मसरुम, एनिमल हेल्थ, इलेक्ट्रिकल मेसिन, माइक्रो प्रोसेस, हाइवे इञ्जिनियरिङ, म्युजिक बिजनेस एण्ड प्रोग्राम म्यानेजमेण्टको परीक्षा हुनेछ।

परीक्षाको अन्तिम दिन चैत २९ गते बुधबार प्राविधिकतर्फ नै फ्लोरिकल्चर एण्ड नर्सरी म्यानेजमेण्ट, भेटेरेनरी ल्याब्रोटरी टेक्निक, इण्डस्ट्रियल इन्स्टलेसन एण्ड मेन्टिनेन्स, अब्जेक्ट ओरेण्टेड प्रोग्रामिङ, इस्टिमेटिङ कस्टिङ एण्ड सुपरभिजन र ऐच्छिक विषयको गायन, संगीत, वाद्यवादन र नृत्यको परीक्षा हुने बोर्डले जानकारी दिएको छ।

## विवादित...

पृष्ठ १ बाट जारी

थिए। यतिसम्म कि उनले विद्यालय फेर्नु परेको थियो र विद्यालय फेरेरै एसएलसी उत्तीर्ण गरेका थिए। त्यसपछि उनी रत्नराज्यलक्ष्मी क्याम्पसमा भर्ना भए।

किशोर छँदै इशा श्रेष्ठसँग विवाह गरेर घर छाडेका थिए। २०५८ सालमा अमेरिका गए तर त्यहाँ अर्कै एक महिलासँग उनको सम्बन्ध कायम भएको र अन्ततः पारिवारिक जीवन लथालिंग भएको थियो। यो कुरा रविकी पूर्वपत्नी इशाले खुलासा गरेकी थिइन्।

२०७१ सालमा नेपाल भ्रमणमा आउँदा न्युज २४ मा विदेशी नागरिकले लिनुपर्ने श्रम स्वीकृति नलिइकन जागिर थाले। यो विषय पछि विवादित भयो। रवि भने त्यसबेलासम्म लोकप्रिय भइसकेका थिए। यही कारण उनले त्यसबेला पत्रकार आचारसंहितासमेत नमान्ने घोषणा गरेका थिए।

उनी अझ विवादमा आएको भनेको उनकै कार्यक्रम उत्पादन टिममा कार्यरत शालिकराम पुडासैनीको आत्महत्या दुरुत्साहन मुद्दामा। प्रहरीले हिरासतमा अनुसन्धानका लागि लिएका उनी पाँच लाख धरौटी राखेर छुटे। २६ मंसिर २०७६ मा उनले 'द लिडर' कार्यक्रम सञ्चालन गर्ने घोषणा गरे। महँगोमा फाराम भराए। तर, फाराम भराएर रकम असुल गरेपछि भने कार्यक्रम सञ्चालन नगर्ने बताए। फेरि रवि विवादित भए।

उनै रवि निर्वाचनबाट विजयी भएर आएपछि १० पुसमा उपप्रधान तथा गृहमन्त्री भए। गृहमन्त्रीको रूपमा पदभार ग्रहण गर्दा कञ्चनपुरकी बालिका निर्मला पन्तको बलात्कारपछिको हत्या घटनाको अनुसन्धान निष्कर्षमा पुर्‍याएर पीडित परिवारलाई न्याय दिलाउने निर्णय गरेका थिए। प्रहरी नायव महानिरीक्षक (डिआइजी) नेतृत्वमा अनुसन्धान टोली खटाए पनि। तर, साता दिन नहुँदै फिर्ता बोलाए।

बाँकेकी निर्मला कुर्मीको बेपत्ता प्रकरणमा संलग्न आरोपीलाई पनि पक्राउ गराएनन्। मधेस आन्दोलनको क्रममा प्रहरी सहायक निरीक्षक थमन विकको हत्या घटनामा उच्च अदालत जनकपुरबाट थुनामा राख्न आदेश दिएका एमाले सांसद लक्ष्मी महतो कोइरीलाई पनि पक्राउ गराएनन्। पटक-पटक कांग्रेस सांसद रामहरि खतिवडाले महतोलाई किन पक्राउ नगरिएको भन्दै संसद्‌मा प्रश्न उठाएका थिए। रवि भने प्रहरी महानिरीक्षक धिरजप्रताप सिंहलाई पक्राउ गर्न निर्देशन दिने र गृह मन्त्रालयबाट सूचना जारी गर्ने गर्दै बसे।

तर, उनले यसबीचमा कार्यविधिविपरीत पूर्वविशिष्ट व्यक्तिहरूले राखेका २४१ जना सुरक्षाकर्मी भने फिर्ता बोलाए। यसबाहेक उनले एक महिना गृहमन्त्री हुँदा गृह प्रशासनको क्षेत्रमा चर्चायोग्य काम गर्न सकेनन्।

## अमेरिकी उपमन्त्री...

पृष्ठ १ बाट जारी

सिनियर फेलो, येल विश्वविद्यालयमा बृहत् रणनीतिकी विशिष्ट अभ्यासकर्ता र नेसनल इन्डाउमेन्ट फर डेमोक्रेसीको सञ्चालक समितिकी सदस्य पनि रहिसकेकी छन्। उनी अमेरिकी राष्ट्रपति ओबामा र विदेशमन्त्री केरी मातहत सन् २०१३ को सेप्टेम्बरदेखि २०१७ को जनवरीसम्म युरोपेली तथा युरेसियन मामिलासम्बन्धी सहायक विदेशमन्त्रीका रूपमा कार्यरत थिइन्। उनी अमेरिकी विदेशमन्त्री हिलारी क्लिन्टनको कार्यकालताका विदेश मन्त्रालयकी प्रवक्ता थिइन् भने राष्ट्रपति जर्ज डब्ल्यु बुसको दोस्रो कार्यकालमा सन् २००५ देखि २००८ सम्म नेटोका लागि अमेरिकी राजदूत थिइन्।

उनले ब्रसेल्सस्थित नेटोमा दुई कार्यकालका साथै अमेरिका बाहिर रसिया, चीन र मंगोलियासहित वासिङ्टनस्थित विदेश मन्त्रालयमा विभिन्न ओहोदामा रही काम गरिसकेकी छन्। उनले ब्राउन विश्वविद्यालयबाट इतिहास विषयमा स्नातक गरेकी छन्।



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

माघ १५ गते, आइतबार

| | |
|---|---|
| मेष | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ। |
| वृष | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। |
| मिथुन | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| कर्कट | अरुले आलोचना पनि गर्न सक्छन्। |
| सिंह | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। |
| कन्या | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ। |
| तुला | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। |
| वृश्चिक | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा |
| धनु | असर पर्नसक्छ |
| मकर | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला। |
| कुम्भ | परोपकारमा रुचि बढ्नेछ। |
| मीन | कूटनीतिक नियोगको सहयोग मिल्ला। |

### प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

### अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

### शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

### नेपाल राष्ट्र बैंक

माघ १५ गते, २०७९, २९ जनवरी, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०६ | १३२.६६ |
| युरो | १ को | १४०.७८ | १४१.४२ |
| पाउन्ड स्टर्लिङ | १ को | १५८.९१ | १५९.६३ |
| स्विस फ्रैन्क | १ को | १४३.११ | १४३.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६६ | ९०.०७ |
| क्यानाडियन डलर | १ को | ९७.४३ | ९७.८७ |
| सिंगापुर डलर | १ को | ९८.४७ | ९८.९२ |
| जापानी येन | १० को | १०.०० | १०.०५ |
| चिनियाँ युआन | १ को | १९.०४ | १९.१३ |
| साउदी अरब रियाल | १ को | ३५.११ | ३५.२७ |
| कतारी रियाल | १ को | ३६.१६ | ३६.३२ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९६ | ३६.१२ |
| मलेसियन रिंगेट | १ को | २९.९८ | ३०.१२ |
| दक्षिण कोरियन वन | १०० को | १०.४९ | १०.५४ |
| स्विडिस क्रोनर | १ को | १२.६५ | १२.७१ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०२ |
| हङकङ डलर | १ को | १६.९३ | १७.०१ |
| कुवेती दिनार | १ को | ४३१.५० | ४३३.४६ |
| बहराइन दिनार | १ को | ३५०.२५ | ३५१.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।



**टपरी गाँस्दै** | पूजाका लागि सालको टपरी गाँस्दै रुकुम (पूर्व) सिस्ने गाउँपालिकाका महिला दिदीबहिनी । *तस्बिरः रासस*

# संविधानमा जुनसुकै कुराको जवाफ छ : नेम्बाङ

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमालेका उपाध्यक्ष सुभाषचन्द्र नेम्बाङले मुलुकमा भएका जुनसुकै समस्यालाई संविधानबाट समाधान गर्न सकिने बताएका छन् । एमालेले शनिबार ललितपुरस्थित पार्टी मुख्यालयमा सहिद दिवसको अवसरमा आयोजित 'सहिद स्मृति कार्यक्रम' मा उनले संविधानमा जुनसुकै कुराको जवाफ रहेकाले मुलुकका समस्या समाधान गरिने बताए । उनले देश अप्ठ्यारो, कमीकमजोरीमा परेको बेला राजनीतिक दलका नेताहरूले अहिलेको ठाउँसम्म ल्याइपुऱ्याएको उल्लेख गर्दै दलका नेताहरूले देशलाई सकारात्मक दिशातिर पुऱ्याउने धारणा राखे ।

उनले छिमेकी मुलुक भारतमा संविधान स्वीकार्य गर्न १० वर्ष लागेको उल्लेख गर्दै तर नेपालमा छ वर्षमा नै संविधान कार्यान्वयन गरिएको बताए । उनले जनताले निर्माण गरेको संविधान विगतको जस्तो आठ/दश वर्षमा भत्कने अवस्था नरहेको बताए ।

'जनताले जनताका निम्ति बनाएको संविधान हो', उनले भने, 'यो संविधान कुनै राणा शासन, राजाले नभई जनताले आफैं बनाएको हुनाले आठ/दश वर्षमा भत्कने अवस्थाको खतरा छैन ।' उनले सहिद सम्मानमा राजनीतिक दलबीच समझदारी गरी निर्माण गरिएको संविधानको कार्यान्वयन गर्दै जाने र आवश्यकताअनुसार परिवर्तन र परिमार्जन गर्दै जानुको विकल्प नभएको बताए ।

अर्का उपाध्यक्ष युवराज ज्ञवालीले सहिदको बलिदानले प्राप्त गरेको उपलब्धिलाई संस्थागत गर्नुपर्ने बताए । उनले राजनीतिक क्रान्ति सम्पन्न भए पनि आर्थिक, सामाजिक क्रान्ति बाँकी रहेको उल्लेख गरे ।

महासचिव शंकर पोखरेलले राजनीतिक दुष्चक्र फेरि पनि कायम गर्न खोजिएको आशंका गरे । 'मुलुकमा फेरि पनि राजनीतिक अस्थिरताका खेल भइरहेका छन्', उनले भने, 'त्यसप्रति एमाले गम्भीर रहेको छ । एमाले अस्थिरताको खेललाई समाधान गर्न दृढ रहेको छ ।'

# पर्यटनबाट समृद्धि खोज्दै निसीखोला

■ डम्मर बुढा मगर

**ढोरपाटन–** समथर भ'-भागदेखि उच्च पहाडसम्म फैलिएको बाग्लुङ जिल्लाको निसीखोलामा अनगिन्ती धार्मिक तथा पर्यटकीय गन्तव्य छन् । तर, प्रचार र प'र्वाधार निर्माण नहुँदा धेरै सम्भावना बोकेका ती गन्तव्य ओझेलमा छन् ।

स्थानीय सरकार आएपछि केही परिवर्तन भने हुँन थालेको छ । एक हजार दुई सयदेखि चार हजार मिटर उचाइसम्म रहेको निसीखोलामा पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्दो छ । प्रचारको अभावमा आझेलमा परेका धार्मिक तथा पर्यटकीय क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि निसीखोला गाउँपालिकाले सक्रियता देखाएको छ । पालिकाभित्रका सम्भावना बोकेका पर्यटकीय गन्तव्य उजागर गर्न गाउँपालिकाले केन्द्र र प्रदेश सरकारसँग समन्वय गरिरहेको छ । गाउँपालिकाले रोल्पा, रुकुम र प्युठानसहित जिल्लाका विभिन्न पालिकासँग जोडिएका महत्वप'र्ण गन्तव्यको पहिचान र प्रचार गरी प'र्वाधार निर्माण गर्न थालेको छ ।

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गले जोडिएपछि ओझेलिएका गन्तव्य पनि प्रचारमा आउन थालेका छन् । पालिकाभित्र रहेका धार्मिक तथा पर्यटकीयस्थलको गुरुयोजना बनाउने र तिनीहरूको प्रचार र विकासका लागि गाउँपालिका योजनाबद्ध रूपमा लागेको गाउँपालिकाका अध्यक्ष स'र्यबहादुर घर्तीमगरले बताए ।

घर्तीले चर्चामा आएका गन्तव्यको प'र्वाधारमा जोड दिने र ओझेलमा रहेका स्थलको प्रचारलाई तीव्रता दिने बताए । उनी भन्छन्, 'निसीखोलामा धेरै धार्मिक तथा पर्यटकीय क्षेत्र छन्, कति हामीले पहिचान गरेका छौं, कति पहिचान गर्न बाँकी छन्, पहिचान र प्रचारको लागि निरन्तर लागिरहेका छौं, पहिचान भइसकेका स्थलमा प'र्वाधार निर्माण गर्ने र प्रचार गर्ने कार्यमा जुटेका छौं ।'



गाउँपालिकाले प'र्वी रुकुमसँग जोडिएको रिग ताल, रोल्पासँग जोडिएको जन्ते ढुंगा, प्य'ठानसँग जोडिएको नागे धुरी, कोठेभिरलगायतका पर्यटकीय क्षेत्रको पहिचान गरी प्रचारमा जुटेको अध्यक्ष घर्तीमगरको भनाइ छ । गाउँपालिकाले प्य'ठानको गौमुखी र निसीखोला गाउँपालिकाको सिमानामा पर्ने नागेको धुरीको विकासका लागि दुवै पालिका, जिल्ला र प्रदेश सरकारसँग सहकार्य गरेर विकास गर्ने उनको भनाइ छ ।

'यहाँ थुप्रै परम्परागत धार्मिक कला, संस्कृतिसँगै प्राकृतिक सौन्दर्यले भरिएका ठाउँ छन्, निसीखोलामा रहेका धेरैजसो पर्यटकीय तथा धार्मिक क्षेत्र विभिन्न जिल्लाका सिमानमा रहेका छन्, त्यसले गर्दा दुवै पक्षले समन्वय सहकार्य गरेर विकास गर्दा राम्रो हुने हुँदा छलफल गरिरहेका छौं र आ-आफ्नो सिमानमा पर्ने स्थलको आफै योजना बनाएर काम सुरु गरेका छौं,' अध्यक्ष घर्तीले भने ।

वडा नम्बर ६ मा पर्ने रिगताल, वडा नम्बर ३ मा पर्ने नौ बहिनी छहरा, वडा नम्बर ५ मा रहेको कोठेभिर, वडा नम्बर ६ मा रहेको साइलीमाइली झरना, वडा नम्बर ७ को नरसिंहकोट, वडा नम्बर २ को अर्नाकोट, वडा नम्बर ५ को निसेलढोर, वडा नम्बर ३ मा रहेको बराह मन्दिर निसीखोला गाउँपालिकाको प्रमुख गन्तव्य हुन् ।

नरसिंहकोट, रिगताल, अर्नाकोट, नौ बहिनी छहरा, कोठेभिर, नागेधुरी, निसेल ढोरपाटनको विकासका लागि लागि गुरुयोजना तयार पारेको र केहीको काम सुरु भएको भन्दै अध्यक्ष घर्तीमगरले आगमी वर्षसम्ममा धेरै पर्यटकीय गनतव्य पहिचान हुने र प्रचारमा आउने बताए । गाउँपालिकावासीको पर्यटनबाटै जीवनस्तर उकास्न सकिने भन्दै अहिले त्यसको लागि जग तयार गर्न आफ'हरू लागि रहेको अध्यक्ष घर्तीमगर बताउँछन् ।

'पहिलो चरणमा सम्भावन बोकेका ठाउँको पहिचान गरी रहेका छौं, त्यसको विकास गर्ने हाम्रो दायित्व हो, भर्खरै यसबाट नतिजा नआउन सक्छ तर विस्तारै नतिजा आउनेमा हामी विश्वस्त छौं,' उनले भने, 'यहाँका नागरिकको पर्यटन व्यवसायबाटै जीवनस्तर उकास्ने कोसिसमा छौं, त्योअनुसारका काम भइरहेका छन् ।'

पर्यटन प्रवर्द्धनका लागि यस वर्ष गाउँपालिकामा २५ लाख रूपैयाँभन्दा बढी बजेट विनियोजन भएको गाउँपालिकाका स'चना अधिकारी पुरुषोत्तम गौतमले जानकारी दिए । चालु आर्थिक वर्षमा वडा नम्बर ७ को नरसिंहकोटलाई प्राथमिकतामा रहेको भन्दै त्यसका लागि आठ लाख विनियोजन गरेको उनको भनाइ छ । पर्यटकीय ठाउँमा संरचना निर्माणका लागि प्रदेश सरकारबाट पनि केही बजेट माग गरेको र गाउँपालिकाले थप बजेट व्यवस्थापन गरेर नयाँ गन्तव्यको प्रचारमा जोड दिने उनको भनाइ छ ।

नरसिंहकोटमा अहिलेसम्म मन्दिर निर्माण, सत्तल, पदमार्गलगायतका काम भइसकेको भन्दै अब पर्यटक आकर्षणका लागि संरचना तयार गरिने उनले जानकारी दिए । उनी भन्छन्, 'गाउँपालिकाले रिगताल, नरसिंहकोटमा निरन्तर बजेट राखीरहेको छ, प'र्वाधार निर्माण पनि भइरहेको छ, यसलाई थप विकास गर्न गाउँपालिकाले गुरुयोजना बनाएको छ, योसँगै पालिकाभित्रका धेरै धार्मिक तथा पर्यटकीय क्षेत्रको गुरुयोजना बनाएका छौं र चार/छ वटा स्थलको काम हुन बाँकी छ, त्यो पनि केही समयमै सकिने छ ।' *रासस*

# 'देशमा कानुनी राज्य छ भन्ने पुष्टि भयो'




■ प्रभाव संवाददाता

**विराटनगर–** नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. शेखर कोइरालाले नेपालमा कानुनी राज्य छ भन्ने कुरा शुक्रबारको घटनाले प्रस्ट पारेको बताएका छन् । नेपाल प्रेस युनियन प्रदेश १ समितिको प्रथम अधिवेशनको शनिबार यहाँ उद्घाटन गर्दै राष्ट्रपतिको निर्वाचन आगामी फागुन २८ गतेभित्र हुनुपर्ने धाराणा राखेका हुन् ।

उनले संविधानभन्दा माथि राष्ट्रपति हुन सक्ने भएकाले राष्ट्रपतिले पनि संविधानभित्र रहेर नै काम गर्नुपर्ने बताए । राजनीतिमा सरकार फेरबदल भइरहने भएकाले सबै ठूला पार्टी नेपाली कांग्रेसको नेतृत्वमा पनि कुनै दिन सरकार बन्नसक्ने सम्भावना रहेको उनले चर्चा गरे ।

नेता डा. कोइरालाले सञ्चार क्षेत्रमा सञ्चारकर्मीले भोग्नुपरेको समस्यालाई नेपाली कांग्रेसले सहन नसक्ने भन्दै प्रजातन्त्रमा बहुमतको कदर हुने बताए । नेपाली कांग्रेस र देशको राजनीतिक कठीन अवस्थामा रहेको धारणा राख्दै मुलुक आर्थिकरूपमा कमजोर भएको उनको भनाइ छ ।

सातवटै प्रदेशमा मन्त्रालयको संख्या घटाउने निर्णय सराहनीय छ भन्दै नेता कोइरालाले मन्त्रालयको संख्या घटाउने कुरामा केन्द्रीय सरकारको पनि ध्यान जानुपर्ने धारणा राखे । उनले कर्मचारीलाई तलब दिन र सामाजिक सुरक्षाभत्ता दिन पनि सरकारको ढुकुटी बलियो नरहेको सन्दर्भ निकाल्दै नेता कोइरालाले भने, 'सरकारले नियमित खर्च घटाउनुपर्छ र राजस्व बढाउनुपर्छ ।'

राष्ट्रियसभा सदस्य एवं नेपाली कांग्रेस संसदीय दलका नेता रमेशजंग रायमाझीले सधैं प्राप्तिका लागि राजनीति गर्नुभन्दा विचार, उद्देश्य र संगठनका लागि पनि राजनीति गर्नुपर्नेमा जोड दिए ।


## श्री शिबशक्ति सामुदायिक वन उपभोक्ता समूह घोडाघोडी नं पां १ कैलाली काठ लिलाम विक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।१०।१५**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०७८।१२।२१ गतेको काठ दाउर संकलन सहमती अनुसार सकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्धी भएको गोलिया काठ लिलाम प्रकिया द्धारा लिलाम बढाबढ गर्नु पर्ने भएको ले घाटगद्धीमा मौज्दात रहेको जात खयर . सिसौ.अस्ना. कर्मा जामुज गरी २२५ थानको १९८६।१४ क्युफि काठ लाई शिलबन्दी बोलपत्रद्धारा लिलाम विक्री गर्न पर्ने भएकोले प्रभाव राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलबन्दी बोलपत्र २२ औं दिनको ३ बजेभित्र यस सा.व.उ.स. को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको सूचना यस सा.व.उ.स.को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरूमा समेत टाँस गरिएको ब्यहोरा समेत सूचित गरिन्छ ।

**अध्यक्ष**
**श्री शिबशक्ति सामुदायिक वन उपभोक्ता समूह**
**घोडाघोडी नं पां १ कैलाली**



## माईग्रेसन हराएको सूचना

मिति २०७९/०८/१५ गते जमलदेखि दरवारमार्गसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : दिक्षा सडासंकर**
**ठेगानाः धुनिवेशी, धादिङ्ग**
**रजिस्ट्रेसन.नं.: ७५७६०४१८३**
**सिम्बोल.नं.: ३७६०००२१**
**सम्पर्कः ९८४४९१३३२३**



## दावी विरोध सम्बन्धी

**वैदेशिक रोजगार विभाग काठमाडौंको सूचना**

*प्रकाशन मिति : २०७९/१०/१५*

यस विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री आरभ ग्लोबल रिक्रुटमेन्ट प्रा.लि. (इ.प.नं.१२२५) काठमाडौंको वडा नं.९ स्थित कार्यालयमा **श्री गुल्सन राज खड्का** (अपरेशन मेनेजर) र **श्री सोनी थापा (डकुमेन्टेसन अफिसर)**, को रूपमा कार्यरत रहेकोमा, निजहरूले मिति २०७९ भदौ १६ गतेदेखि लागू हुने गरी र **श्री नम्रता चौधरी (फ्रन्ट डेस्क अफिसर)** ले मिति २०७९ मंसिर २२ गते देखि लागू हुनेगरी स्वैच्छिक अवकाश लिएकोमा निजहरूसँग कसैको लेनदेन कारोबार वा अन्य कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा यस कार्यालय जवाफदेही हुने छैन ।

**भवदीय**
**राजेन्द्र सिंह भण्डारी**
अध्यक्ष तथा सञ्चालक
**आरभ ग्लोबल रिक्रुटमेन्ट प्रा.लि.**



**प्रदेश सरकार**
**सामाजिक बिकास मन्त्रालय**
## महाकाली प्रादेशिक अस्पताल
**कञ्चनपुर**

## बोलपत्र प्रकाशित सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/१०/१५ (29th Jan 2023)**

यस महाकाली प्रादेशिक अस्पतालको तपसिल बमोजिमको कार्यको लागि बोलपत्र सम्बन्धि प्रकाशित सुचनाको बिस्तृत विवरण यस कार्यालयको सूचना पाटि र http://www.bolpatra.gov.np/egp मा राखिएको व्यहोरा अनुरोध छ ।

| सि.न. | ठेक्का न. | कामको विवरण | धरौटी रकम | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|---|
| १. | MPH/NCB/Goods/2079/080- 10 | Supply ,Delivery,Installation and Commissioning of Laparoscopic Surgery set | २३०००/- | ३०००/- | २०७९।११।१६ गते बेलुकी ५ बजे सम्म | २०७९।११।१६ गते १२ बजे सम्म | २०७९।११।१६गते दिउसो २ बजे |

Pre Bid Meeting मिति २०७९।११।०५ गते दिउसो २ बजे हुने छ ।

**मेडिकल सुपरिन्टेण्डेण्ट**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सर्वोच्चको फैसलालाई सम्मान गरौं

सर्वोच्च अदालतको फैसलाप्रति असन्तुष्टि जनाउँदै पूर्वगृहमन्त्री रवि लामिछानेका समर्थकहरू सडकमा आएका छन्। लामिछानेलाई 'षडयन्त्रपूर्वक ढंगले फसाएको' उनीहरूको आरोप छ । यस्ता आरोपले न्यायालयको गरिमामा क्षयीकरण गर्छ। अझ फैसलाविरुद्ध प्रदर्शन नै गर्नुले त कानुनी राज्य र विधिको शासनमाथि धावा बोलेको मान्न सकिन्छ । जबकि, रवि विधिको शासन र कानुनी राज्यको पक्षमा वकालत गर्ने पूर्वसञ्चारकर्मीसमेत हुन् ।

यतिबेला उनले समर्थकहरूलाई संयम रहन सार्वजनिकरूपमा अपिल गर्नुपर्छ। फैसलाविरुद्ध समर्थकहरूलाई उतारेर चुपचाप बस्नु शोभनीय हुँदैन । सुरक्षा मामिलाका जानकारहरूका अनुसार प्रदर्शनका क्रममा हिंसा भड्किनसक्ने सम्भावना पनि उत्तिकै रहन्छ। त्यसलाई बेलैमा नियन्त्रण गर्न राज्य संयन्त्र त परिचालित होला तर रवि आफैंले पनि समर्थकहरूलाई संयम रहन भन्नुपर्छ ।

फेरि, नागरिकता विवादसम्बन्धी मुद्दामा कानुनीरूपमा चुकाइ रविकै देखिएको छ । नेपाल नागरिकता ऐन २०६३ अनुसार अमेरिकी नागरिकता त्यागेपछि त्यसको निस्सा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पेस गरेर पुरानो नागरिकतालाई सक्रिय बनाउने प्रक्रिया नै पूरा नगरेको सर्वोच्चको ठहर छ । यसकै आधारमा उनको प्रतिनिधिसभा सदस्य पद बदर भएको हो ।

अर्थात् २८ फागुन २०५० मा जिल्ला प्रशासन कार्यालयबाट जारी भएको तर अमेरिकी नागरिकता लिँदा खारेज भएको पुराना नागरिकताका आधारमा प्राप्त राजनीतिक लाभको सबै पद गुम्यो । विधिको शासनको पक्षमा वकालत गर्ने रविले किन नागरिकता पुनः प्राप्तिको प्रक्रिया पूरा गरेनन् ? यो प्रश्नको जवाफ उनीसँगै होला । तर, भइरहेको अड्कल के हो भने रविले लोकप्रियताका अगाडि कानुन गौण ठाने होलान् । यदि, त्यसो नै हो भने लोकप्रियताको घमण्डले उनलाई भड्खालोमा पारेको हो ।

अर्कोतर्फ आजकाल समर्थनको नाममा समर्थकहरू सडकमा आएर प्रदर्शन गरिहाल्ने चलन पनि स्थापित छ । यसको सकारात्मक प्रभाव रहँदैन। उल्टै स्वतन्त्र न्यायालयको छवि नै धुमिल बनाउँछ। गम्भीर प्रकृतिको फौजदार मुद्दा न्यायालयमा विधाराधीन हुँदासमेत समर्थनको नाममा प्रदर्शन हुने गरेको छ। यसले न्यायालयलाई ध्वस्त बनाउन मद्दत पुऱ्याउँछ ।

त्यही भएर रवि भोलि उपनिर्वाचनमार्फत निर्वाचित हुँदै प्रतिनिधिसभामा आउने र सत्तामा पुग्न सक्ने सम्भावनाका नेता भएका कारण समर्थकहरूलाई प्रदर्शन नगर्न सुझाउनुपर्छ। उनी जिम्मेवार भएर प्रस्तुत हुनुपर्छ। यससँगै अदालतको फैसलालाई मान्ने र विधिपूर्वक नागरिकता पुनः प्राप्तिको प्रक्रियामा अघि बढ्ने भन्नुपर्छ। उनले यसो भन्दा उनको इज्जत बढ्नेछ। होइन भने भीडसँग रमाउने, विधिको पालना नगर्ने र न्यायालयप्रति अनास्था राख्ने नेताको रूपमा चिनिने छन् । जुन उनको राजनीतिक जीवनमा लाभदायक नहुन सक्छ ।

चुनावबाट दशकौंदेखि सत्तामा रहेका दलहरूले सुशासन कायम, भ्रष्टाचार नियन्त्रणदेखि सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा सुधार गर्न नसक्दा आक्रोश र आशाको मत रवि र उनको दलले पाएको हो । जुन अभिमतको सम्मानका लागि पनि रविले न्यायालयको फैसलाप्रति कुनै प्रश्न नगरी समर्थकहरूलाई शान्त पार्दै पुनः नागरिकता प्राप्तिको दिशामा अघि बढ्दा शुभ हुनेछ ।

# प्रधानमन्त्री निवासलाई गिज्याइरहेका दृश्य नियाल्दा



▶▶ कृष्णचन्द्र न्यौपाने

> सिंहदरबार र बालुवाटार दरबारबारेको मेरो अनुभूति केवल आत्मरति परिदृश्य हो त ? मैले फेरि सोचैं र मेरो चासोको विषयको सारमा जब मन घोरिन पुग्यो, मलाई लाग्यो- प्रधानमन्त्रीको सरकारी निवासलाई देशको परम्परा, संस्कृति र वैभवको भित्री आवरणको सुरक्षा सौन्दर्य त्यसमा बस्न पुग्नेले महसुस गर्न पाउने प्राकृतिक वातावरण र स्वच्छता अनि प्रफुल्ल मनबाट गर्नुपर्ने जनजीविका र सरोकारका आवाज, सुझाव, माग, ज्ञापनजस्ता सार्वजनिक महत्व राख्ने सवालबारे सुन्न, बुझ्न र समाधान पहिल्याउन पाउनुपर्छ।

नेपालको राजनीतिक, प्रशासनिक क्रिया, प्रक्रिया र व्यवस्था सम्बन्धमा सधैं चासो र चर्चामा रहने गरेका महत्त्वपूर्ण दुई स्थान सिंहदरबार र प्रधानमन्त्री निवास बालुवाटार । नेपालमै बस्ने र नेपाल हेर्न आउने सर्वसाधारणदेखि विद्वान प्रबुद्ध वर्ग र राजनीतिक रापताप बुझेकालाई पनि ती दुवै स्थान कस्तो न होला ? भन्ने लाग्छ । त्यो स्वाभाविक पनि हो ।

नेपालको इतिहासमा राणा प्रधानमन्त्री चन्द्र शमशेरले बेलायतको बकिंघम प्यालेस (दरबार) देखेर राजसी ठाँटको प्रशासनिक भवन सिंहदरबार बनाएको इतिहासबारे सबै जनकार छन् । यसको वरिपरि पनि प्रशासनिक माहोल छ । छरछिमेक मिलेको स्वरूपमा देखिन्छ । त्यहाँ सर्वसाधारणले स्वतन्त्र भएर घुम्ने अवसर छैन । सधैं निहित स्वार्थका लागि मरिहत्ते गर्नेहरू त्यहाँ प्रवेश भएका देखिन्छन् । उनीहरूको चलाखी र दलाली पद्धतिले सिंहदरबार जाने सुविधा पाउने ठाउँसम्म सर्वसाधारण पुग्न सक्दैनन् । त्यसैले सिंहदरबार घुम्ने र हेर्ने उत्कट चाहना बोकेका जिज्ञासु सायदै भित्र गएका पाइन्छन् । यसको तुलनामा बालुवाटार प्रवेश सहज रहेको छ । प्रधानमन्त्रीको जिल्लाको नाम लिनोस्, प्रधानमन्त्रीकै पार्टीको कार्यकर्ता बन्नुहोस् प्रवेश सहज छ ।

बिचौलियाको जालोमा बाँधिएको वा त्यस्ता श्रव्यदृश्य सामग्रीमा नेता बिचौलियासँग कुरा गर्न लागेको वा हात मिलाएको फोटो, भिडियो छ भने सबै सहज छ । विचरा सुरक्षाकर्मी आगन्तुकको भेउ नपाउँदै जानोस् वा नजानोस् भन्न बाध्य हुँदा रहेछन् । उहिले भक्तपुरका सिद्धहस्त कुमाले कृष्णमान, जसको नामले नै मल्ल राजाका वाग बगैँचामा विनारोकतोक जान पाउँथे रे । त्यसबारे दन्तेकथा जस्तो कृष्णमान कुमालका भैंसी पाल्नेका मान्छेको मान्छे भए पनि दरबारको सुरक्षा घेराभित्र सहज प्रवेश हुने गर्थ्यो भन्ने सुनेको थिएँ ।

नेपालमा २०४७ सालको संविधानमा शासन व्यवस्था बहुदल भएर आएपछि चर्चामा आउन थालेको प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार त्यसपछिका वर्षहरूमा नाम र कामको हिसाबले सिंहदरबारसरह वा त्यो भन्दा माथि पुगेको जस्तो चर्चाको शिखरमा देखिन्छ । यो पंक्तिकारले बालुवाटारमा प्रधानमन्त्री निवास देखेको र त्यहाँभित्र प्रवेश गरेको अवधि गणना गर्दा २०७९ माघ ११ गते सम्ममा पाँच पटक भएको छ ।

पहिलोपटक, वि.सं. २०४५ मा मरिचमान सिंह प्रधानमन्त्री हुँदा म युवा स्नातकको हैसियतमा स्वयंसेवा गर्न प्रधानमन्त्रीका आसेपासेले बालुवाटारमा प्रधानमन्त्री भेट्न जाने भनेर बोलाएर पुगेको थिएँ । त्यतिबेला दुई महिनाको अन्तरालमा दोहऱ्याएर गएको थिएँ ।

तेस्रोपटक गिरिजाप्रसाद कोइराला २०५१ मा प्रधानमन्त्री भएताका मेरो गाउँको बेसीको चौर जहाँ अहिले एक हजार शय्याको वीर अस्पताल बन्ने हल्लाले जग्गा दलाल फस्टाएको चर्चित आवास क्षेत्र बनेको छ (त्यहाँ नेपाल इन्जिनियरिङ कलेज पनि छ) । त्यहाँको पर्ती जग्गामा परोपकार संस्थाले अस्ट्रेलियन दूतावासको सहयोगमा परोपकार बालग्राम बनाउने भएपछि प्रधानमन्त्री शिलान्यास गर्न पुग्ने क्रममा हालको चाँगुनारायण स्कूलचौर (तत्कालीन पाटीको टार) बाट बेसी जाने पैदल बाटोमा वयोवृद्ध प्रधानमन्त्रीलाई हात समाउँदै १५ मिनेट ओरालो बाटो र उकालो चढाउँदा मलाई गाउँको परिचय साथै व्यक्तिगत परिचय दिने मौका मिल्दा उहाँले मलाई 'ल बाबु मलाई भेट्न बालुवाटार आउनु, तिमी कामको असल मान्छे रहेछौ' भन्नुभएकोले केही महिनापछि उहाँलाई भेट्न भनेर म बालुवाटार पुगेको थिएँ । त्यतिबेला भक्तपुरे कांग्रेस नेताको साथ र नाम थाहा नपाएर बालुवाटारका बिचौलियाले मलाई प्रधानमन्त्री भेट्ने बाटो दिएनन् । त्यसबेला अहिलेको जस्तो मोबाइल फोनको सुविधा थिएन, जाहेरी गर्नेको सर्त मेरा लागि फलामे बार बन्यो । ल्याण्डलाइन फोन प्रधानमन्त्रीले उठाउने कुरा पनि थाहा भएन । निमुखा भएर बाहिरैबाट नभेटी फर्केको थिएँ ।

चौथोपटक म वि.सं. २०७७ मा जिल्ला समन्वय समिति महासंघको प्रतिनिधित्व गर्दै राष्ट्रिय विकास समस्या समाधान समितिको प्रधानमन्त्री केपी शर्मा ओलीले अध्यक्षता गर्ने बैठकमा प्रधानमन्त्री निवास बालुवाटार छिरेको थिएँ । त्यतिबेला कडा सुरक्षा व्यवस्थाअन्तर्गत ढोकाबाट घोडाझैं सिधै बैठक कक्षमा गएको र बैठक सकिँदा पनि सोझै बाहिरिएकोले गर्दा बालुवाटार दरबार भित्र, बाहिर दरबारी सजावट, भवन, घर, सडक, बाटो र त्यसका छरछिमेक हेरेको थिइनँ ।

यसपालि, पाँचौंपटक यही माघ ११ गते जिल्ला समन्वय समिति महासंघ नेपालको नवनिर्वाचित केन्द्रीय पदाधिकारीसहितको प्रतिनिधिमण्डलमा मिसिएर बिहान ८:०० बजे बालुवाटार छिरेर १०:३० बजेमात्र बाहिरिएँ । मैले माथि भनेझैं बालुवाटार दरबार बिहानैदेखि व्यस्त थियो। सधैंभरि शक्तिकेन्द्रसँग जोडिने बानी परेका, देश बनाउने सपना देख्नेदेखि सपना देखेको बहानामा अवसर खोज्ने, प्रधानमन्त्रीलाई सघाउने बहानामा खेती गर्ने, पार्टीलाई हाँक्ने र आसेपासे, भरोसामन्दको संख्या बढाउने सामर्थ्यको एम थ्रि (माइण्ड, मसल र मनी) देखाउनेदेखि देशको संवैधानिक व्यवस्था अनुसारका काम गर्न पाऊँ भन्नेहरू त्यहाँ पुग्दा रहेछन् । त्यहाँको भीडभाड हेर्दा 'सेवाही परमो धर्म' भनेर कर्मण्डे वा धिकारास्थे मामफलेसु कदाचनका साधुमन अत्तालिएर थोरै कुरा गरेर छोटो समयमा बाहिरिनु राम्रो हुने बुझें । राम्रै कुरा भए पनि प्रधानमन्त्री पुष्पकमल दाहालसँग १५ मिनेट मात्र भेटघाटको अवसर मिल्यो । बाँकी समय पालो कुर्ने क्रममा पहिलो थकाइ मार्ने निवास, दोस्रो परिचय र जाहेरी दर्ताकक्ष हुँदै तेस्रो तहको बैठकमा सुरक्षा जाँच र सहजीकरणका साथ प्रधानमन्त्रीज्यूले सर्वसाधारणलाई भेट्ने कक्षसम्म पुग्दा मैले कोठाभित्र र बाहिर, शौचालय तथा एक भवनबाट अर्को भवनसम्मका दूरीमा पैदल हिँड्दा नवनिर्मित नेपाली शैलीको प्रधानमन्त्री निवासका भवनहरू, अण्डाकारको चौघेराभित्रका बगैंचा, सडक, बाटा र अन्य आवतजावत गर्ने आगन्तुकलगायत बालुवाटार दरबारभित्र जति हेरें त्यति नै पर्खालबाहिरको अवस्था पनि नियालें ।

केही वर्षदेखि राजनीतिक संरक्षण र संलग्नतामा धावा बोलिएको, किला ठोकिएको, किला फुकालिएको, चित्रिएको र थोत्रिएको अवस्थामा पुगेको भनेर श्रव्यदृश्य र छापामा भँगेरामार अक्षरमा उद्धृत चिन्ता र चासो अनि सम्पदाको रूपमा आमसरोकारको विषय बनेको ललितानिवासको जग्गा प्रधानमन्त्री निवासको प्रभावशाली छिमेकीको रूपमा दक्षिणपट्टी देखें । भूमाफिया र बिचौलियाले राज्यशक्ति आफैं लिएर चलखेल गरेकोबारे सुनेको स्थान पुगेको हुनाले पनि मलाई त्यो सर्वसाधारणले सहजै प्रवेश नपाउने चौघेराभित्रबाट चिहाउन, नियाल्न र त्यो जबर्जस्ती करणीको पीडामा परेकी धराधामलाई छोएरै, सुँघेरै अनुभूत गर्ने मन भएको थियो ।

आफूले स्वदेश र विदेशमा लामो समय संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र शान्ति स्थापना कार्यमा खटिने मिसनमा रहेर काम गर्दा युद्ध र दंगाग्रस्त क्षेत्रमा शान्ति स्थापनाका लागि अन्तर्राष्ट्रिय भाइचारा, मानवअधिकार र मानव विकासका सूत्र र पद्धतिमा टेकेर स्थान र अवस्था अनुसारका नीति, कूटनीतिको अभ्यास गर्दै हारेको महसुस गरेका र जितेको महसुस गरेका पक्षहरूसँगको साक्षात्कार र संवाद तथा शासकीय प्रबन्धका पाटामा 'डु नो हाम'को माध्यमबाट शान्ति स्थापना गराएको । जनप्रेमी शासक र जनताको शासन व्यवस्थाबारे वकालत, बहस पैरवी र मध्यस्थता गरेको, राजनीतिक, सामाजिक, आर्थिक विषयका आक्रोश र भावना सुनेको र कुन असल हुन्छ भनेर अध्ययन, अनुसन्धान गर्दै आवश्यक क्षमता विकास र शान्तिका प्रक्रियाबाट नेतृत्वलाई प्रभावकारी बनाउन सफल भूमिका निभाएको पृष्ठभूमिमा मैले प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार दरबारलाई राजनीतिको ठूलाघरे मात्र नभएर निवासको जनजीवन, सामाजिक, भौगोलिक वातावरण र शान्तिसुरक्षाका न्यूनतम मापदण्ड तथा पर्यटकको आँखाबाट नेपालका सम्मानित प्रधानमन्त्रीको सरकारी आवास र यसका छरछिमेकलाई नियाल्दै र विश्लेषण गर्दै त्यो एक घण्टा ४५ मिनेटमा अनुभूत गरेका परि स्थितिजन्य नतिजाको निचोडमा पुग्दा मन खिन्न भयो । आफू त्यहाँ गएको विषयवस्तु बिर्सिएछु ।

सिंहदरबार र बालुवाटार दरबारबारेको मेरो अनुभूति केवल आत्मरति परिदृश्य हो त ? मैले फेरि सोचैं र मेरो चासोको विषयको सारमा जब मन घोरिन पुग्यो, मलाई लाग्यो- प्रधानमन्त्रीको सरकारी निवासलाई देशको परम्परा, संस्कृति र वैभवको भित्री आवरणको सुरक्षा सौन्दर्य त्यसमा बस्न पुग्नेले महसुस गर्न पाउने प्राकृतिक वातावरण र स्वच्छता अनि प्रफुल्ल मनबाट गर्नुपर्ने जनजीविका र सरोकारका आवाज, सुझाव, माग, ज्ञापनजस्ता सार्वजनिक महत्त्व राख्ने सवालबारे सुन्न, बुझ्न र समाधान पहिल्याउन पाउनुपर्छ ।

तर, भित्र बस्नेले कोठाभित्रको राजकीय रापतापबाहेक बाहिर त नहेरे हुने रहेछ । अस्तव्यस्त बगैंचा, पर्खाल, पर्खालबाहिरको भग्नावसेसको डंगुर, दुरावस्था र दुर्गन्ध । हे भगवान्, कुन स्रोत साधन वा प्रविधि नपुगेर, नमिलेर त्यस्तोविघ्न मन कुँडिने अवस्थामा हाम्रा प्रधानमन्त्रीलाई बस्न निवास तोकिएको होला ? यदि मलाई भएको पीडा शासन व्यवस्थाको प्रपञ्च मिलाउने जिम्मेवारी बोकेकाले अनुभूत गरेको भए यसरी गिज्याएको अनुभूति गर्नुपर्ने थिएन ।

ढोकामा ठूलो सिकारी कुकुर राखेर धेरैजना सुरक्षाकर्मीको घेरा बनाएर सुरक्षित हुन सकिँदैन । राजनेता जति सर्वसाधारणजस्तै भएर उनीहरूसँगै सहज व्यवहार, आवतजावत गर्न सक्छ । त्यति निर्धक हुन्छ । अहिलेको सरकारी आवासको वरिपरिबाट छिमेकीले जे गरे पनि हुने, घुसपैठ र सुरक्षालाई सहज चुनौती छ । जबसम्म त्यसको आकलन गरिँदैन त्यसले दुर्घटना भएपछिको उद्धारको तयारीलाई ध्यान दिएको बुझिन्छ ।

मेरो सोचको दायरा संकीर्ण र पुरातन होला तर सधैं स्वतन्त्र र समृद्ध संस्कार भएको यस राष्ट्रमा राष्ट्रका मर्यादाक्रममा रहनुपर्ने अवयवहरूलाई सारभूतरूपमा नै अनुभूत गराउन, परम्परागत मूल्यमान्यता र मौलिकतालाई नेपालको ऐतिहासिक सम्पदाको झलक दिने सम्माननीय प्रधानमन्त्रीको सरकारी आवास (दरबार)लाई वारिपारिको अवस्थाले गिज्याउने अवस्था रहनु हुँदैन ।

सम्पन्न नभई उद्घाटनको चटारो गरेर दरिद्रताको अभ्यास नगरियोस् । अहिलेलाई कमसे कम त्यहाँ कुनै पनि पाहुनालाई नलगियोस् । प्रधानमन्त्री भेट्न जसरी विदेशीलाई होटलमा राखिन्छ । आफ्ना नागरिकलाई पनि त्यतिकै सम्मान गरेर भेटे के हुन्छ ? ठूलो र सानोको मनोभाव जमाएर नागरिकलाई व्यवहारगत विभेदको अनुभूति नगराउने वातावरण बनोस् । र, मनोगतरूपमै व्यक्तिले आस्था राखेर, आशा लिएर उत्साह र भव्यताको सपना बोकेर आफ्ना भरोसामन प्रधानमन्त्रीलाई भेट्न जानेको मनोदशा मलाई भएजस्तो स्खलित हुन नपुगोस् । जो कोही पनि प्रधानमन्त्रीको सरकारी निवासमा बस्न सौभाग्य पाउने र उसका परिवारले नेपालको गौरव बिर्सनेहरूले मात्र वालुवाटार दरबार पुग्दा रहेछन् भन्ने बोध गरेर लुरुक्क फर्कने अवस्था नहोस् । सबैको जय होस् ।

kneupane47@gmail.com

## मनन्योग्य

### चाणक्य नीति

राक्षसले आफ्ना विश्वस्त योद्धा छानेर भेला गरी कार्यक्रम हुने दिन अगावै त्यो सुरुङका माध्यमबाट महल तलको गर्भगृहमा पुऱ्याएका थिए ।

गृहप्रवेशको समय पनि आयो। सम्पूर्ण रूपबाट महल सिँगारिएकी नववधुजस्तो चम्किरहेथ्यो, मुख्य सुरक्षा अधिकारीले सबै महलको सुरक्षा ठीक भएको जानकारी चाणक्यलाई दिए। सबैतिरको निरीक्षण भइसकेको थियो तर चाणक्यको चैतन्यले भन्थ्यो अहं म पनि आफैँ महलको निरीक्षण गर्दछु त्यसपछि मात्र गृहप्रवेशको कार्यक्रम हुनसक्छ' भनी सुरक्षा अधिकारी र केही सैनिकहरू साथ लिई फेरि महलको सूक्ष्म निरीक्षण गर्न लागे चाणक्यले ।

सबैतिर त ठीकै थियो अचानक चाणक्यको दृष्टि महलको तल्लो भागबाट मुखमा अन्नका कणहरू लिई आफ्नो गन्तव्यतिर जाँदै गरेको केही कमिलाको समूहमा पऱ्यो ।

चाणक्य सोच्न लागे- 'यो सँगमर्मरको तलामा कहाँबाट अन्न आयो। सबै महल स्वच्छ छ र चमचमाइरहेछ । मस्तिष्कमा एक विचार उत्पन्न हुनासाथ आवेगमा सुरक्षा अधिकारीलाई आदेश दिए महल चारैतिरबाट घेरी यसमा तुरुन्त आगो लगाइदेओ ।

आदेशको तुरुन्त पालन भयो ख्यालठट्टैमा महलमा आगाको मुस्लो निस्कदै बल्न लाग्यो । यता चन्द्रगुप्त किंकर्तव्यविमूढ भई चाणक्यपट्टि हेर्दै रिसाइरहेका थिए । यस्तो सुन्दर महल यसरी खरानी बन्दा रिस उठ्नु पनि स्वाभाविकै थियो । चाणक्य भने एउटा किनारामा उभिई अलि-अलि हाँसी रहेथे । केही समयपछि आगामा मासु जलेको दुर्गन्ध आउन थाल्यो । मनुष्यमांस जल्नाले सबै उत्सुक भई यताउति हेर्थे तर त्यहाँ केही पनि देखिएन ।

अन्तमा चाणक्यले बताए तलको तहखानामा जसको हामीलाई थाहा थिएन राक्षसका सैनिक लुकेका थिए। रातमा हमला गर्ने उनीहरूको योजना थियो । क्रमशः

## पत्र-मञ्जुषा

### रवि अनागरिक होइनन् शरणार्थी

नेपाली राजनीतिमा दल स्थापना गरेको करिब छ महिनामै मुलुकको चौथो राजनीतिक दल बनाउन सफल भएका थिए राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने । उनले पार्टीलाई चौथो ठूलो राष्ट्रिय दलका रूपमा स्थापित मात्र गरेनन्, उपप्रधान तथा गृहमन्त्रीसमेत बन्न सफल भए ।

सायद यस्तो सफलता नेपाली राजनीतिमा न हिजो थियो न भोलि हुने देखिन्छ । सञ्चारकर्मबाट राजनीतिकर्मतिर होमिएका लामिछाने साउने भेलजस्तै आए र उनलाई नागरिकताको काण्डमा भेलजस्तै बगाउने काम पनि भयो ।

आमनिर्वाचनमा चितवनबाट अत्यधिक मतले विजयी भएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति लामिछानेलाई उम्मेदवार हुँदा कसैले पनि विदेशी नागरिक हो, त्यसकारण उम्मेदवारी खारेजी गर्नुपर्छ भन्ने उजुरी दिएनन् । दाबी विरोध नभएकै कारण उनी निर्वाचनमा उम्मेदवार बन्न सफल भए । लामिछानेको सञ्चारमाध्यममा गरेको कामको मूल्यांकन निकै चर्चामा नै थियो । आत्महत्या दुरुत्साहन मुद्दा परेपछि लामिछाने चितवनकै कारागारमा थुनिए । लामिछानेलाई कारागार चलान गरेपछि चितवनवासीले उनको समर्थनमा जुलुस नै निकाले । यति धेरै नागरिकले उनको समर्थन गरे कि सायद विगतमा त्यस्तो कुनै पनि व्यक्तिलाई भएको थिएन ।

तत्पश्चात् लामिछानेले आफूलाई स्वतन्त्ररूपमा राजनीतिमा सक्रिय गराउने प्रयास गरे। स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरपालिकाको प्रमुखमा बालेन्द्र शाह निर्वाचित भए पनि त्यही स्वतन्त्रको हुटहुटी रविमा पनि छायो । र, आमनिर्वाचनमा स्वतन्त्ररूपमा उठ्ने घोषणा नगरेका पनि होइनन् ।

तर, उनले आमनिर्वाचनमा स्वतन्त्र होइन कि स्वतन्त्र पार्टी भन्दै उम्मेदवारी दिए। उनको पार्टीको नामका बारेमा निकै चर्चा र बहस पनि चल्यो अन्त्यमा निर्वाचन आयोगले स्वतन्त्र पाटीलाई मान्यता दियो। फलस्वरूप स्वतन्त्र पार्टीको नाममा रवि देशभर घण्टी चिह्नसहित प्रचारप्रसारमा पुगे र राम्रै मतले आफूले जिते, केही साथीहरूलाई जिताए । त्यतिमात्र होइन समानुपातिकतर्फ सम्मानजनक मत पनि ल्याए । निर्वाचनमा चौथो राजनीतिक दलका रूपमा स्थापित भएपछि रवि सरकार निर्माणको जोडघटाउमा लागे। गठबन्धनमा निर्वाचन लडेको माओवादी केन्द्र, नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादीको भागशान्ति नमिल्दा नयाँ बनेको गठबन्धनमा रविले उपप्रधानमन्त्रीसहित गृह पाउने भए । विगतमा बूढालाई विश्राम भन्दै फलाक्दै हिँडे पनि त्यही बूढा नेताहरूको पछि लागेर गृहमन्त्री बन्न सफल भए ।

हुन त उनी निर्वाचित भएपश्चात् नै नेपाली नागरिक नभएकाले सांसद् पद खारेज गर्नका लागि सर्वोच्चमा रिट दायर भएको थियो । नागरिकता विवाद भइरहेका बेला उनी आफैंले गृहमन्त्री बन्ने चाह गरे, जसको सर्वत्र निन्दासमेत भयो। रविले गृहमन्त्रीसहित उपप्रधानमन्त्री पद पाएपछि धेरैको निद हराम भने भएकै थियो । जसरी हुन्छ रविलाई सिध्याउने षडयन्त्रको तानावाना बुनिँदै थियो त्यो रविले भेउ नै पाउन सकेनन् ।

गृहमन्त्री भएपछि आफ्नाविरुद्ध भएका सबै काम तमाम गर्छु भन्ने रविको विश्वास थियो । जुन विश्वास सर्वोच्च अदालतको आदेशले छताछुल्ल बनाइदियो । सर्वोच्चले रवि लामिछाने नेपाली नागरिक नभएको फैसला गरेसँगै उनको पद सबै समाप्त भयो ।

सर्वोच्चको आदेशपछि रविको पदमात्र समाप्त भएको होइन । उनकै भनाइमा उनी 'अनागरिक' बने । उनले भनेजस्तै अमेरिकाको नागरिकता अर्थात् ग्रिन कार्ड त्यागिसकेको भएन उनी अमेरिकी नागरिक पनि भएनन् । अनि सर्वोच्चको आदेशले उनी नेपाली नागरिक होइन भन्ने प्रमाण पनि पुष्टि भइसक्यो । त्यसकारण उनी न नेपाली न अमेरिकन ।

यसको मतलव नेपालको इतिहासमा छोटो समयको राजनीतिबाट विशिष्ट पद उपप्रधान तथा गृहमन्त्री बनेका रवि नेपालमा जन्मिएर अमेरिकन ग्रिनकार्ड बोकेकै कारण शरणार्थी भएका छन् । शुक्रबार सर्वोच्चले लामिछाने नेपाली नागरिक नभएको आदेश दिएपछि उनलाई अनागरिकभन्दा पनि नेपालमा शरणार्थीका रूपमा चित्रण गर्नुपर्ने देखिएको छ ।

- *रूपक खड्ग, बालकुमारी*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.



मुकुटेश्वर हिमाल | हिमपातपछि डोल्पा ठूलीभेरी नगरपालिकाको जुफाल विमानस्थलबाट शुक्रबार देखिएको मुकुटेश्वर हिमाल । तस्बिर: हेमन्त केसी, रासस

# बाँध जीर्ण बन्दा बर्खायाममा पानीको विकल्प खोज्नुपर्ने बाध्यता

**त्रिशूली–** नुवाकोटको विदुर नगरपालिकाका बासिन्दालाई खानेपानी उपलब्ध गराउन व्यवस्थित पाइपलाइन र ट्यांकी निर्माण भए पनि बाँध जीर्ण बनेको छ । निर्माणको चरणमा क्षति पुगेको बाँध अहिले उपभोक्ताले माटोको चपरीलाई ढुंगा र प्लास्टिकले थुनेर पानी नियमित सञ्चालन गराएका छन् ।

'विदुर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था'मार्फत सञ्चालन हुने सो योजना मर्मतसम्भारका लागि करिब एक अर्ब रूपैयाँ लगानी भए पनि जीर्ण बाँध व्यवस्थित नहुँदा बर्खायामको पाँच महिना मुहानको विकल्प खोज्नुपर्ने भएको हो । संस्थाका अध्यक्ष सञ्जीव श्रेष्ठका अनुसार 'तेस्रो साना सहरी खानेपानी आयोजना'मार्फत लगाइएको ठेक्काको जिम्मेवारी पाएको कम्पनीले प्रभावकारी काम नगर्दा आयोजनाको बाँध कमजोर बनेको छ ।

उनका अनुसार विदुर नगरपालिकाभित्रको अधिकांश घरमा पानी पुऱ्याउने उद्देश्यले उपभोक्ताको साझेदारीमा कार्यान्वयनमा ल्याइएको योजनाको पाइपलाइन र ट्यांकी व्यवस्थित भए पनि बाँध कमजोर हुँदा आयोजनाले हरेक वर्षको बर्खायाममा पानीको विकल्प खोज्नुपर्ने बाध्यता बनाएको छ ।

'फलाखु खोलामा माटोलाई ढुंगा र प्लास्टिकले थुनेर पानी ल्याउन परेको छ,' समितिका अध्यक्ष श्रेष्ठले भने, 'निर्माण व्यवसायीले बनाएको बाँध काम पूरा नहुँदै क्षति पुग्यो । उसले मर्मत नगर्दा प्लास्टिकले थुनेर काम चलाएका छौं । खोलामा बाढी आउनेबित्तिकै बगाउँछ । पाँच हजार घरधुरीमा ल्याएको पानी बन्द हुन्छ ।'

नगरपालिकाभित्र बसोबास गर्ने बासिन्दालाई अबको ५० वर्षसम्म चौबीसै घण्टा पानी उपलब्ध गराउने लक्ष्यले सञ्चालनमा ल्याइएको उक्त योजनामार्फत हाल चार हजार २०० रूपैयाँ घरधुरी उपभोक्ता लाभान्वित छन् ।

आयोजनाको बाँध र उपभोक्ताको घरमा वितरण गरिएको पाइपलाइनमा समस्या हुँदा अहिले नै एक हजार घरधुरीमा पाइप पुगे पनि पानी पुऱ्याउन नसकेको उपभोक्ता संस्थाका उपाध्यक्ष नवराज न्यौपानेले बताए । उनका अनुसार मूल पाइपलाइन व्यवस्थित भए पनि उपभोक्ताको घरघरमा वितरण गरिएको पाइपलाइनको ग्रेडिङ (लेभल) नमिल्दा पाइप पुग्यो पानी पुगेन ।

'बाँध (बेत्रावतीस्थित फलाखुखोला)बाट बट्टारस्थित दिवाकर डाँडासम्म (१४.५ किलोमिटर दूरी) पानी ल्याएको पाइपमा प्रतिसेकेण्ड ८० लिटरको दरले पानी आए पनि कोलनीस्थित एक हजार उपभोक्ताको घरमा पानी पुऱ्याउन सकिएको छैन,' उपाध्यक्ष न्यौपानेले भने, 'निर्माणपक्षको ढिलासुस्ती र प्रभावकारी काम नहुँदा विदुर ८ र ९ का एक हजार घरमा पानी नचढ्दा आयोजनाको सफलतामा प्रश्न उठेको छ ।'

नगर विकास कोषको सहुलियतपूर्ण ऋण सहयोगमा उपभोक्ताको समेत २५ प्रतिशत लगानीमा 'तेस्रो साना सहरी खानेपानी आयोजना'को अनुदानमा खानेपानी आयोजना सञ्चालनमा ल्याइएको हो । उक्त योजनामा उपभोक्ताको लगानीअन्तर्गत हरेक वर्ष संस्थाले एक करोड ५० लाख रूपैयाँको दरले अब २४ करोड ७३ लाख रूपैयाँ तिर्न बाँकी छ ।

निर्माण व्यावसायीले आयोजना निर्माणको काम पूरा भएको भन्दै जिम्मेवारीबाट पन्छिएको छ । निर्माण व्यवसायीसँगको सम्झौताअनुसार मर्मतसम्भारको अवधि पनि आगामी वैशाख ५ मा सम्पन्न हुँदै छ । योजना पूरा भए पनि काम प्रभावकारी नहुनुलाई निर्माणको जिम्मा लिएको व्यवसायीको लापारबाही भएको नागरिक समाज नुवाकोटका अध्यक्ष बद्री त्रिपाठीले बताए । उनका अनुसार 'तेस्रो साना सहरी खानेपानी आयोजना'ले नै निर्माणको ठेक्का लगाएको कारण उपभोक्ता संस्थालाई कारबाही अधिकार नहुँदा निर्माण व्यवसायीको लापारबाहीमा मौन बस्न उपभोक्ता संस्था र उपभोक्ता बाध्य छन् । 'परामर्शदाता कम्पनीले औंल्याएका त्रुटि पूरा गर्न आयोजना पक्षले निर्माण व्यवसायीलाई गर्नुपर्ने ताकेतादेखि बजेट रोक्नुपर्नेमा त्यसो गरेको पाइएन,' अध्यक्ष त्रिपाठीले भने, 'करिब एक अर्ब रूपैयाँ लगानी गरिएको आयोजनाको बाँध खेतबारीमा पानी ल्याउन थुनेको सिँचाइ कुलोकोभन्दा कमजोर छ ।' *रासस*

# विद्यालयमा भौतिक पूर्वाधार अभाव

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिका-११ अमरपुरमा रहेको सरस्वती माध्यमिक विद्यालयमा भौतिक पूर्वाधार अभाव हुँदा दुई अलग-अलग समयमा कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता रहेको छ । विद्यालयमा विद्यार्थीको चापअनुसार कक्षा कोठा नहुँदा बिहान ६ देखि १० बजेसम्म र १० देखि ४ बजेसम्म कक्षा सञ्चालन भइरहेका छन् । बिहानीको समयमा वन विज्ञान र कक्षा ११ तथा १२ का कक्षा सञ्चालन हुँदै आएका छन् । बिहान १० बजेपछि कक्षा १ देखि १० सम्मका कक्षा सञ्चालन हुने गरेका छन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिलबहादुर बुढाका अनुसार विद्यालयमा ११ भवन रहेका छन् । त्यसमध्ये नौ पक्की र दुई जस्ता पाताको छाना भएका भवन छन् । 'दुई पक्की भवनमा वन विज्ञान कार्यक्रमका छात्र र छात्राका लागि छुट्टाछुट्टै छात्रावासको प्रबन्ध मिलाएका छौं,' उनले भने, 'बाँकी नौवटा भवनका २२ कोठाहरूमध्ये कम्प्युटर ल्याब, पुस्तकालय, प्रयोगशाला, भण्डारण कक्ष, दिवा खाजा व्यवस्थापन, शिक्षक स्टाफ गरी १० कोठा प्रयोगमा रहेका छन्, बाँकी १२ कोठामा छात्रावासका थप चार गरी १६ कोठामा पठनपाठनको कार्य भइरहेको छ ।'

कक्षा कोठाको अभावमा विद्यालयमा सञ्चालनमा रहेका बाल विकासका तीन कक्षालाई एउटै कोठामा राख्नुपरेको उनले बताए । आधारभूत तहका कक्षाका लागि आठ, माध्यमिक तहका लागि चार र तीन वर्षे वन विज्ञान शिक्षाका लागि तीन कक्षाकोठा प्रयोग भइरहेका छन् ।

विद्यालयमा विद्यार्थीको संख्या ७३४ रहेको छ । छात्र ३३९ र छात्रा ३९५ रहेका छन् । 'विद्यार्थीको अनुपातमा कक्षा कोठाको निकै अभाव छ,' विद्यालयका निमित्त प्रधानाध्यापक गणेशबहादुर विष्टले भने, 'कक्षा कोठाको अभाव र आवश्यक माध्यमिक शिक्षक दरबन्दी अभावले अलगअलग समयमा कक्षा सञ्चालन गर्नुपरेको छ ।'

उनका अनुसार कक्षा १२ मा सबैभन्दा बढी १२३, कक्षा ९ मा ११२, कक्षा ८ मा ७३ विद्यार्थी अध्ययनरत रहेका छन् । विद्यार्थीको संख्या अधिक भए पनि कक्षा कोठा नपुग्दा एउटै कक्षामा राखेर पठनपाठन गराउनुपर्ने अवस्था रहेको उनको भनाइ छ ।

तीन वर्षे वन विज्ञानमा भने ४५ विद्यार्थी भर्ना भएर पढ्दै आएका छन् । विद्यालयमा बाल विकासदेखि कक्षा ५ सम्म १२२ विद्यार्थी भर्ना भएर पढ्दै आएका छन् भने कक्षा ६ देखि १२ सम्म ६८९ विद्यार्थी भर्ना भएर पढ्दै आएका छन् । 'आगामी शैक्षिक सत्रदेखि विद्यायमा थप छ कक्षाकोठा निर्माण गर्ने लक्ष्य लिएका छौं,' निमित्त प्रधानाध्यापक विष्टले भने, 'फर्निचरको पनि अभाव छ, त्यसका लागि नगरपालिकासँग आवश्यक बजेटको व्यवस्था मिलाइदिनका लागि आग्रह गरेका छौं ।'

विद्यालयमा १२ शौचालय र दुई खानेपानीका धारा भए पनि त्यसलाई व्यवस्थित भने विद्यालयले गर्न सकेको छैन । विद्यालयमा प्रावि तहका चार र एक निमावि तह गरी पाँच शिक्षक स्थायी रहेका छन् । राहत कोटमा कार्यरत शिक्षकको संख्या छ रहेको छ । त्यसमध्ये प्राविमा एक, निमाविमा दुई र माविमा तीनजना कार्यरत रहेका छन् । निजी शिक्षक १० रहेका छन् । बालविकासका तीन, एकजना विद्यालय सहयोगी र दुई कार्यालय सहयोगी कार्यरत छन् । कक्षा ११ र १२ का लागि भने शिक्षक दरबन्दी नहुँदा निजी शिक्षक राखेर पठनपाठनको कार्य हुँदै आएको छ । विद्यालय वि.सं. २०४२ मा स्थापना भएको हो । वडाध्यक्ष शेरबहादुर साउदले विद्यालयको भौतिक पूर्वाधार विकासका लागि दुई भवन निर्माणका क्रममा रहेको बताए । *रासस*

# मनाङ अस्पतालमै छैन एम्बुलेन्स

**मनाङ (प्रस)–** जिल्ला अस्पताल मनाङमा एम्बुलेन्स नभएपछि बिरामीलाई समस्या भएको छ । एम्बुलेन्स अभावका कारण बिरामी समयमै स्वास्थ्य उपचार पाउनबाट वञ्चित हुँदै आएका छन् । एम्बुलेन्स अभावका कारण बिरामी उपचारका लागि अन्य सवारीसाधनमा कष्टकर यात्रा गर्न बाध्य छन् । पर्यटकीय क्षेत्र मनाङमा आएका बाह्य तथा आन्तरिक पर्यटकलाई पनि बिरामी पर्दा स्वास्थ्य संस्था जान समस्या भइरहेको छ ।

पर्यटक तथा स्थानीयलाई अस्पतालसम्म पुऱ्याउन एम्बुलेन्सको एकदमै खाँचो रहेको जिल्ला अस्पतालका प्रशासन विभागका प्रमुख रहमद अन्सारीले बताए । 'अस्पतालसित एम्बुलेन्स छैन, गम्भीर प्रकृतिका बिरामीलाई अन्यत्र रिफर गर्नुपर्ने अवस्था भएमा एम्बुलेन्स खोज्दाखोज्दै बिरामीको ज्यान जाने हो कि भन्ने त्रास हुन्छ,' उनले भने । उनका अनुसार गाउँपालिकामा भएका एम्बुलेन्स बिग्रिएर थन्किएका छन् ।

जिल्ला रेडक्रस सोसाइटीसित भएको एम्बुलेन्स मनाङ डिस्याङ गाउँपालिकामा बिग्रिएर थन्किएको छ । सदरमुकाम चामे गाउँपालिकाको एम्बुलेन्स पनि बिग्रिएको छ । 'अस्पतालसित आफ्नै एम्बुलेन्स एकदमै आवश्यक छ,' अन्सारीले भने । एम्बुलेन्सका लागि रेडक्रसको भर पर्नुपर्ने अवस्थाको अन्त्य गर्न अस्पतालले स्थानीय, प्रदेश र संघीय सरकारलाई गुहार्दै आएको छ । प्रमुख जिल्ला अधिकारी सुप्रभा खनाल ढुंगेलले पटक-पटकको बैठकमा एम्बुलेन्सको आवश्यकताबारे छलफल गरी सम्बन्धित निकायसँग माग गर्दै आएको बताए । 'स्थानीयलाई सहज स्वास्थ्य उपचार प्रदान गर्ने उद्देश्यले एम्बुलेन्स सेवा उपलब्ध गराउन प्रतिबद्ध भइ सम्बन्धित निकायसँग समन्वय गरिरहेका छौं,' उनले भने ।

एम्बुलेन्स अभाव हुँदा गत वर्ष बिरामी हुँदा हेलिकप्टर चार्टर्ड गरेर पोखरा गएको स्थानीय कर्मछिरिङ गुरुङले बताए । सरकारले एम्बुलेन्स सेवा उपलब्ध गराएको अवस्थामा नागरिकले सास्ती भोग्नु नपर्ने उनको भनाइ छ । मनाङमा कोही गम्भीर बिरामी भएमा अस्पताल पुऱ्याउन हेलिकप्टरको भर पर्नुपर्ने हुन्छ । तर, यहाँको मौसम अधिकांश समय प्रतिकूल रहने हुँदा सडककै भर पर्नुपर्ने स्थानीयवासी बताउँछन् ।

# विद्यालयमा शिक्षक राख्न अक्षयकोष

**तनहुँ (प्रस)–** जिल्लाको व्यास नगरपालिका-१३ पोखरी भञ्ज्याङस्थित जनजागृति गंगा माध्यमिक विद्यालयमा एक शिक्षक राख्न अक्षयकोष स्थापना गरिएको छ ।

सोही वडास्थित आँपस्वाँरा सामुदायिक दलित होमस्टे र हेमसन इस्टिच्युटको सहकार्यमा आठ लाख २४ हजार एक रूपैयाँको अक्षयकोष स्थापना गरिएको हो । विद्यालयको ५१औं वार्षिकोत्सव एवं अभिभावक भेलाको अवसरमा होमस्टेका अध्यक्ष रेशमबहादुर विकले विद्यालयका प्रधानाध्यापक चन्द्रमणि कोइरालालाई उक्त रकम बराबरको चेक हस्तान्तरण गरे ।

विद्यालय र होमस्टेको नाउँमा राखिएको अक्षयकोष रकमबाट प्राप्त हुने ब्याजले विद्यालयमा निजी स्रोतका शिक्षक राखेर पठनपाठनमा सहज बनाउने लक्ष्य रहेको छ । तल्लो तहका विद्यार्थीलाई गुणस्तर शिक्षा प्रदान गर्ने उद्देश्यले दक्ष शिक्षक राखेर पठनपाठन कार्यलाई सहज बनाउने योजना रहेको छ ।

'सुरु कक्षाको शैक्षिक गुणस्तर राम्रो भयो भने माथिल्ला कक्षामा राम्रो प्रभाव पर्नसक्ने विश्वास गरिएको छ,' उनले भने । उक्त विद्यालयमा अहिले करिब १७ लाख रूपैयाँको अक्षयकोष स्थापना गर्न सफल भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रेशमबहादुर विकले जानकारी दिए । उक्त विद्यालयमा दलित, जनजाति, गरिब र विपन्न समुदायका गरी २१३ विद्यार्थी अध्ययनरत छन् ।

# न्यायिक समिति निष्क्रिय हुँदा न्याय सम्पादनमा समस्या

**जलेश्वर–** महोत्तरीको स्थानीय तहमा न्यायिक समिति निष्क्रिय हुँदा न्याय सम्पादनमा समस्या भएको छ । जिल्लाको गाउँपालिका तथा नगरपालिकामा उपाध्यक्ष/उपप्रमुखको संयोजकत्वमा गठित न्यायिक समिति सक्रिय नहुँदा स्थानीयवासीले न्यायको अनुभूति गर्न नसकेको जलेश्वर नगरपालिका-२ का शिवचन्द्र चौधरीले गुनासो गरे ।

स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भएको दोस्रो कार्यकालको नौ महिना बित्नलाग्दा पनि नागरिकले न्याय सम्पादन र विकास निर्माणका काममा सहजरूपमा सेवा नपाएको र न्यायिक समितिले पनि जिम्मेवारीपूर्वक काममा तदारुकता नदेखाउँदा समस्या भोग्नुपरेको मनरासिस्वा नगरपालिका-१ का रविन्द्र भगतले बताए ।

संविधानको धारा २१७ मा स्थानीय तहमा मुद्दा हेर्ने अधिकार गाउँ तथा नगरका उपाध्यक्ष/उपप्रमुखलाई तोकिए पनि सम्बद्ध पदाधिकारीले प्रभावकारीरूपमा काम गर्न नसक्दा स्थानीय तहमा गठित न्यायिक समिति नाम मात्रको भएको पिपरा गाउँपालिका-४ का भोगी कापरको भनाइ थियो ।

जिल्लाका १५ स्थानीय तहका न्यायिक समिति सक्रिय रहेको जिकिर गरिए पनि सानातिना विवादमा पनि पीडितले न्याय खोज्न जाँदा न्यायिक समितिका पदाधिकारले पार्टीगत आधारमा निर्णय गर्ने गरेकाले पीडितहले त्यहाँ उजुरी नगर्ने गरेको जलेश्वर नगरपालिका-८ का अगुवा मनोजकुमार साहले आरोप लगाए । जलेश्वर नगरपालिका-२ का रमन चौधरीले पनि 'सानातिना झगडा, घरेलु हिंसालगायतमा न्याय खोज्नुपर्ने बेला न्यायिक समितिका संयोजक नै नभेटिँदा समस्या हुने गरेको बताए ।

न्यायिक समितिका संयोजक र सदस्यलाई कानुनी क्षेत्राधिकार र कार्यविधिबारे अन्योल हुँदा थप समस्या भएको छ । समिति निष्क्रिय भएपछि त्यस क्षेत्रमा विनियोजित बजेट खर्च पनि कागजी मिलान गरेर अनियमितता गर्दै आएको आरोपसमेत लाग्दै आएको छ ।

न्यायिक समितिले प्रभावकारीरूपमा कार्य सम्पादन गर्न नसक्दा र सानातिना घरायसी विवादमा पनि प्रहरी नै लाग्नुपर्दा अन्य आपराधिक क्रियाकलापको अनुसन्धानमासमेत असर परिरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद पंगेनीले बताए । *रासस*


**कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९/१०/१५**

यस कम्पनीको मिति २०७८/०३/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **कासिन न्युज प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **कासिन मिडिया प्रा.लि.** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०५/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कासिन मिडिया प्रा.लि.(प्रा.लि.नं.२६१५३३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

**कम्पनीको नाम/ठेगाना परिर्वतन तथा नियमावली संशोधन र शेयर लागत गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९/१०/१५**

यस कम्पनीको मिति २०७८/१२/०९ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **हाइवे टु हिमालयज प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **नेपाल ट्राभल प्रोटेक्सन प्रा.लि.** (नाम तथा ठेगाना परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०१/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नेपाल ट्राभल प्रोटेक्सन प्रा.लि.(प्रा.लि.नं.१७३२१३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

**फ्रि भिषा !! फ्रि टिकट !!**

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **SIN SENG YAP SDN.BHD.**

पूर्व स्वीकृति मिति २०७९/१०/१२ | LT. No. 280052 | चलानी नं. ६०१९३१८७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४६,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २२ गते (5th Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sandiya Human Resources Pvt. Ltd.**

श्रम ईजाजत नं. १०९७/०७३/०७४

Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9801181641, 9851155563, 9801181681
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com

**कर्मचारीहरुको आवश्यकता**

**Vacancy for ethical recruitment agency**

RBA अनुवन्धित कम्पनीहरुमा मात्र नेपाली कामदार पठाउने यस ग्रिनल्याण्ड सर्भिसेज प्रा.लि. को लागि उल्लेखित कर्मचारीहरु चाहिएकोले योग्य ब्यक्तिले आफ्नो सक्कल कागजात सहित चाडो सम्पर्क गर्नुहोला ।

Ethical recruitment agency (RBA) M/s. Greenland Services Pvt. Ltd. Are seeking for mentioned employees with experience in related fields, please contact as soon as possible with your mentioned required documents.

| क्र.सं S.N. | पद Post | संख्या No. | योग्यता Qualification | अनुभव Experience | तलव Salary | कैफियत Remarks |
|---|---|---|---|---|---|---|
| १ 1 | प्रवन्धक Manager | १ 1 | कम्तीमा स्नातक उत्तीर्ण Bachelor's degree & above | सम्वन्धीत काममा १० बर्ष 10 years in related field | ४०,०००/- 40,000/- | |
| २ 2 | ब्यवस्थापक Head of HR | १ 1 | कम्तीमा स्नातक उत्तीर्ण Bachelor's degree & above | सम्वन्धीत काममा ५ बर्ष 5 years in related field | २५,०००/- 25,000/- | |
| ३ 3 | डकुमेन्टेसन Documentation | २ 2 | कम्तीमा १० + २ उत्तीर्ण 10+2 & above | सम्वन्धीत काममा २ बर्ष 2 years in related field | २०,०००/- 20,000/- | |
| ४ 4 | रिसेप्सन Reception | २ 2 | कम्तीमा १० + २ उत्तीर्ण 10+2 & above | सम्वन्धीत काममा २ बर्ष 2 years in related field | २०,०००/- 20,000/- | |
| ५ 5 | एडमीन Admin | १ 1 | कम्तीमा १० + २ उत्तीर्ण 10+2 & above | सम्वन्धीत काममा २ बर्ष 2 years in related field | २०,०००/- 20,000/- | |
| ६ 6 | बजार ब्यवस्थापक PRO Officer | २ 2 | कम्तीमा १० + २ उत्तीर्ण 10+2 & above | सम्वन्धीत काममा २ बर्ष 2 years in related field | २०,०००/- 20,000/- | |
| ७ 7 | अफिस सहायक Office Assist. | १ 1 | एस.एल.सी उत्तीर्ण S.L.C. Passed | सम्वन्धीत काम गर्न सक्ने Able to do related work | १५,०००/- 15,000/- | |

**ग्रिनल्याण्ड सर्भिसेज प्रा.लि.**

**Greenland Services Pvt. Ltd.**

K.M.C.-3, Basundhara, Kathmandu, Phone No.: 01-4950226
Email: info.greenlandnepal@gmail.com, Toll free No.: 9801150672

## पुष्पले गरे ब्रतबन्ध

अभिनेता पुष्प खड्काले व्रतबन्ध गराएका छन् । कैलालीस्थित घरमा बिहीबार एक समारोहका बीच उनको व्रतबन्ध म्युजिक भिडियो निर्देशक माइल चन्दले बताएका छन् । थुप्रै फिल्म तथा म्युजिक भिडियो अभिनय गरेका पुष्प पछिल्लो समयका फिल्मको चल्तीको हिरो हुन् । निर्देशक माइकलले व्रतबन्धले विवाहका लागि बाटो खुलेको बताएका छन् । उनले पुष्पको व्रतबन्धको एक तस्बिर सामाजिक सञ्जालमा पोष्ट गर्दै लेखेका छन्, 'चलचित्र तथा म्युजिक भिडियोका कलाकार पुष्प खड्काको व्रतबन्ध भएको छ । अव बाटो खुल्यो । म लुगा सिलाउन हिंडे ।





# सर्ट फिल्म प्रतिस्पर्धा हुने




■ प्रभाव संवाददाता

**काठमाडौँ–** म्युजिक नेपाल र नेपाल फिल्म क्याम्पसको संयुक्त आयोजनामा सर्ट फिल्म कम्पिटिसन हुने भएको छ । फिल्म निर्माण रुचि भएर पनि प्लेटफर्मको खोजीमा रहेकालाई लक्षित गर्दै प्रतिस्पर्धा गर्न लागिएको हो ।

स्पर्धाको बिहीबारबाट आवेदन समेत खुल्ला भएको छ । सहभागीताका लागि फिल्म निर्माणमा रुचि भएका जो कोहीले पनि भाग लिन सक्ने आयोजकले जनाएको छ । नेपाल फिल्म क्याम्पसका प्रमुख शिशिर उप्रेतीले अवसरको खोजीमा रहेका फिल्मकर्मीका सर्ट फिल्म कम्पिटिसन गतिलो प्लेटफर्म बन्न सक्ने विश्वास व्यक्त गरे । उनले धेरै लगानी गरेर फिल्म बनाउन गाह्रो हुनेका लागि यस्ता प्रतिस्पर्धा वरदान हुन सक्ने भन्दै सहभागिताका लागि आव्हान गरे ।

म्युजिक नेपालले संगीतसँगै नेपाली सिनेमाका लागि पनि केही गरौँ भन्ने अभिप्रायले प्रतिस्पर्धाको आयोजनामा हातेमालो गर्न लागेको जानकारी गराएको छ ।

सर्ट फिल्म कम्पिटिसिनमा निर्णायकको भूमिका अनुप बराल, सुरक्षा पन्त र सुजित बिडारीले गर्नेछन् । कार्यक्रममा बोल्दै अनुप बरालले सर्ट फिल्मलाई बिरुवाको सानो रूपमा व्याख्या गर्दै सर्ट लम्बाइको हिसाबले सानो भएपनि सानो बनाउन झन् ठूलो मेहनत लाग्ने धारणा राखेका थिए ।

कार्यक्रममा बोल्दै निर्णायक सुजित बिडारीले यस्ता प्रतियोगिताको महत्त्व कति हुन्छ भन्ने कुराको आफू भुक्त भोगी भएको बताउँदै यस्ता प्रतिस्पर्धाले भिज्युवल लिटरेसी निर्माण ठूलो योगदान गर्ने धारणा राखेका थिए ।

अभिनेत्री सुरक्षा पन्तले म्युजिक नेपाल र नेपाल फिल्म क्याम्पस मिलेर यस्ता कार्यक्रम गर्ने कुरालाई आफूले दुवैले कामको दायरा बढाउने पहलका रूपमा बुझेको बताएकी थिइन् ।

'फिल्म कलेजले फिल्म पढाएर मात्र दायित्व पूरा हुँदैन । यस्ता कार्यक्रमले त्यसरी पढेको कुरालाई जाँच्ने अवसर पनि दिन्छन् र यसले सहकार्यको महत्त्व पनि बुझाउँछ', उनले भनिन्, 'अर्को महत्वपूर्ण कुरा चाहिँमलाई पनि धेरैले मसँग कथा छ के गरौँ भनेर पनि मेसेज गरिरहनु भएको हुन्छ । अब यता पठाउनुस् भन्न सजिलो भयो ।'

प्रतिस्पर्धामा सहभागीका लागि फागुन ३० सम्म कथासार बुझाउनु पर्नेछ भने चैत १७ भित्र स्क्रिप्ट बुझाउनुपर्नेछ । यसरी आएका स्क्रिप्टलाई निर्णायकद्वारा ३ दिन प्रशिक्षण दिइनेछ र यो पश्चात् पुनर्लेखन गरी आएका स्क्रिप्ट मध्येबाट १० स्क्रिप्ट छानेर निर्माण सहायता प्रदान गरिनेछ । छानिएका १० फिल्मले निर्माणका लागि ७५ हजार नगद प्राप्त गर्नेछन् । यो प्रक्रियापछि निर्माण भएर आएका फिल्म मध्ये पहिलो बन्नेले २ लाख नगद प्राप्त गर्नेछ भने बाँकी अन्यले विधागत रूपमा नगद पुरस्कार पाउनेछन् । प्रस्तिस्पर्धामा स्क्रिप्ट तथा निर्देशनमा उत्कृष्ट हुनेले ५० अभिनय, छायांकन, सम्पादन र ध्वनिमा उत्कृष्ट काम देखाउनेले पनि ५० हजार पुरस्कार प्राप्त गर्नेछन् ।

# न्यौपानेको 'घरको शिक्षा' लोकार्पण

■ प्रभाव संवाददाता




**काठमाडौं–** पत्रकार दामोदर न्यौपाने नवौं कृति 'घरको शिक्षा' लोकार्पण गरिएको छ ।

शिखा प्रकाशनद्वारा प्रकाशित कृति यहाँ आयोजित समारोहमा प्राडा विद्यानाथ कोइराला, मनोपरामर्शदाता विजय ज्ञवाली, शिक्षक सङ्घका महासचिव लक्ष्मी किशोर सुवेदी लगायतले विमोचन गरेका हुन् ।

स्रष्टाले पुस्तकमार्फत् बालबालिकालाई असलसँगै खुसी रहन प्रेरित गर्ने बालक र अभिभावको हृदय बुझ्ने मनोविज्ञानसम्बन्धी सन्देश प्रवाह गर्न खोजेका छन् । कृति कोरोना सङ्क्रमणको जोखिमका कारण विद्यालय बन्द हुँदा घर सबैभन्दा सुरक्षित स्थान भए पनि बालबालिकालाई सिकाइ र संस्कारसँग जोड्न नसक्दा हुनसक्ने सम्भावित घटना दोहरिन नदिन अभिभावक चनाखो हुनुपर्ने विषयमा केन्द्रित छ ।

प्रत्येक घरका अभिभावकले बालबालिकालाई संस्कारयुक्त मनोवैज्ञानिक शिक्षा दिन जरुरी रहेको बताउँदै कार्यक्रमका सहभागी वक्ताले अहिलेको शिक्षा किताबमा सीमित नभई सूचना, प्रविधि, धर्म र संस्कारको मिश्रण भएको विषय पुस्तकमा समावेश रहेको बताए । उक्त अवसरमा प्राडा कोइरालाले बालमनोविज्ञानलाई नबुझेर अभिभावकले आफ्नो इच्छामा चल्न सिकाउने प्रवृत्ति बढिरहेको समयमा पुस्तकले विभिन्न सिद्धान्त, दर्शन, सञ्चार, प्रविधि, संस्कार, पूजापाठका माध्यमबाट पनि किताबको ज्ञानभन्दा धेरै शिक्षा हासिल गर्न सकिन्छ भन्ने सन्देश दिन सफल भएको बताए ।

महासचिव सुवेदीले पुस्तक आत्म निरीक्षणका लागि ऐना भएकाले शिक्षक, अभिभावक र विद्यार्थीले पढ्नै पर्ने ज्ञान पुञ्जका रूपमा रहेको बताए । शिक्षिका मञ्जु भट्टराईले संस्कार सिकाइको पहिलो पाठशाला घर भएकाले शिक्षामा संस्कारलाई अनिवार्य जोड्न आवश्यक रहेको बताए । पुस्तकमार्फत् 'गते' र 'बार'का विभिन्न शीर्षकमा स्रष्टाले घरः संस्कारको जग, महामारीमा नयाँ यात्रा रचनात्मक सिकाइजस्ता विषयमा घर, परिवार, समाज र देशलाई अनुभवमा आधारित शिक्षा प्रदान गर्ने तरिकाबारे ज्ञान दिलाउन खोजिएको छ ।

किताबको अध्ययनभन्दा सूचना र प्रविधिको ज्ञानले बालबालिका व्यक्तित्व विकास र प्रस्तुतिमा निखार ल्याउने मात्र नभई निडर र प्रखर तुल्याउने पुस्तकका पात्र हार्दिकताबाट समेत पुष्टि गरेको विषय उजागर गरिएको छ ।

# 'ज्याकी : आइएम ट्वान्टी वान' वैशाख २१ मा

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता धिरज मगर र अभिनेत्री जसिता गुरुङको अभिनय रहेको फिल्म 'ज्याकी : आइएम ट्वान्टी वान' अगामी वैशाख २१ बाट प्रदर्शनमा आउने भएको छ । निर्माण संस्था आइकोर फिल्मस्ले बिहीबार सरस्वती पूजाको अवसर पारेर फिल्मको निर्माण तिमी सार्वजनिक गरेको हो ।

रेनशा राई राणाको निर्देशन रहेको फिल्म पहिले 'आइएम ट्वान्टी वान' राखिएको थियो । अहिले भने नामको अगाडि 'ज्याकी' थपिएको छ । लक्षित उमेर समुहको मात्र प्रतिनिधित्व गर्ने र प्रमुख चरित्र केन्द्रित नहुने भएकाले शिर्षक आइएम ट्वान्टी वानको अगाडि 'ज्याकी' थपिएको निर्देशक राणाले जानकारी दिए ।

फिलममा धिरज ज्याकीको भूमिका छन्, भने जसिता उनकी प्रेमीकाको । फिल्ममा अरुण क्षेत्रीको पनि मुख्य भूमिका छ । सुसन प्रजापतिको छायांकन रहेको फिल्ममा रोहित शाक्य र कालीप्रसाद बाँस्कोटाको संगीत छ ।

## रंगशाला

# गण्डकी र एपिएफलाई टाइगर कपको उपाधि




■ प्रभाव संवाददाता

**कास्की–** घरेलु टोली गण्डकी प्रदेश र सशस्त्र प्रहरीको एफिएफ क्लब पोखरामा सञ्चालन भएको 'तेस्रो टाइगर कप राष्ट्रिय तथा अन्तर र्ष्ट्रिय आमन्त्रित खुला क्लब च्याम्पियनसीप महिला तथा पुरुष भलिबल प्रतियोगिता २०७९' च्याम्पियन भएका छन् ।

पोखरा रङ्गशालामा शनिबार सम्पन्न प्रतिस्पर्धात्मक फाइनलमा पुरुषतर्फ सशस्त्र प्रहरीको एपिएफलाई ३-२ सेटमा पराजित गर्दै घरेलु टोली गण्डकीले उपाधिसँगै नगद रु पाँच लाख पुरस्कार पायो । यसैगरी महिलातर्फ भने आर्मीलाई पराजित गरी एपिएफले लगातार दोस्रोपटक उपाधि जितेको छ । एपिएफ अघिल्लो संस्करणको विजेता हो । पुरुषतर्फको फाइनलमा घरेलु दर्शकको साथ पाएको गण्डकीले पहिलो सेट २५-१६ ले एपिएफलाई सुम्पियो ।

दोस्रो र तेस्रो सेटमा उत्कृष्ट प्रदर्शन गर्दै क्रमशः २५-१८ र २५-१९ ले खेल आफ्नो पक्षमा पार्न गण्डकी सफल भयो । चौथो सेटमा गण्डकीले अग्रता जोगाउन नसक्दा २८-२६ ले एपिएफलाई नतिजा सुम्पियो ।

निर्णायक सेटको खेलमा भने गण्डकीले एपिएफलाई सुरुआतबाटै अग्रता बनाउँदै दबाबमा राख्न सफल भयो । अन्तिम सेट १५-८ आफ्नो पक्षमा पार्दै गण्डकी दोस्रोपटक उपाधि चुम्दा एपिएफ उपविजेता बनेर रु दुई लाख ५० हजार नगदसहित ट्रफी पुरस्कार पाउन सफल भयो ।

महिलातर्फको प्रतिस्पर्धामा पहिलो सेट २५-२० ले जितेको एपिएफले दोस्रो सेट भने आर्मीलाई २५–२२ ले सुम्पियो । तेस्रो सेटमा २५-८ ले खेल आफ्नो पक्षमा पारेको एपिएफले चौथो सेट २५-२२ अङ्कले जित्दै विजेता बनेको हो । च्याम्पियन एपिएफले नगद रु पाँच लाख पुरस्कार प्राप्त गर्दा उपविजेता आर्मीले रु दुई लाख ५० हजार पुरस्कारमा चित्त बुझायो ।

प्रतियोगितामा पुरुषतर्फ नेपाल पुलिस क्लबले तेस्रो स्थान हासिल गर्न सफल भएको छ । साविक विजेतासमेत रहेको नेपाल आर्मीलाई ३-१ को सेटमा पराजित गर्दै पुलिसले तेस्रो स्थानसहित रु एक लाख २५ हजार पुरस्कार पायो । आर्मीले चौथो स्थान हासिल गर्दै रु ६५ हजार पुरस्कार पायो ।

महिलातर्फ होङवान्जी न्यू डायमण्ड स्पोर्टस क्लबले तेस्रो स्थान प्राप्त गऱ्यो । न्यू डायमण्डले नगद रु एक लाख २५ हजार प्राप्त गर्दा प्रतियोगितामा चौथो स्थान प्राप्त गरेको गण्डकीले नगद रु ६५ हजार हात पारेको छ । प्रतियोगितामा महिलातर्फ एपिएफका सरस्वती चौधरी र पुरुषतर्फ गण्डकीका रवि केसी सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै जनही रु २५ हजार र ट्रफी पुरस्कार प्राप्त गरे ।

उत्कृष्ट पाँच विधामा महिलातर्फ उत्कृष्ट सेटर न्यू डायमण्डका प्रगतिनाथ, सर्भर गण्डकीका अरुणा शाही, ब्लकर आर्मीका सङ्गम महतो, लिब्रो आर्मीका सरस्वती जैसी, स्पाइकर एपिएफका निरुता ठगुन्ना र प्रशिक्षक एपिएफका महेश चौधरी घोषित भए । पुरुषतर्फ उत्कृष्ट सेटर गण्डकीका विवश आले, लिब्रो एपिएफका विनोद चन्द, सर्भर गण्डकीका घनश्याम चौधरी, स्पाइकर एपिएफका टेकराज वस्ती, ब्लकर गण्डकीका नितिश र प्रशिक्षक गण्डकीका रमेश केसी घोषित भए ।

प्रतियोगितामा विजेता टोली तथा उत्कृष्ट खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङ, गण्डकी प्रदेशसभा सदस्यद्धय लीलाबहादुर थापा, प्रकाश बराललगायतले नगद, ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरेका थिए । भलिबल खेलको विकास गरी देशका लागि आवश्यक राष्ट्रिय अन्तर्राष्ट्रियस्तरका खेलाडी उत्पादनको लक्ष्यसहित टाइगर ग्रूफ अफ पोखरा नेपालले यही माघ ८ गतेदेखि प्रतियोगिता आयोजना गरेको हो ।



# साबालेन्कालाई अस्ट्रेलियन ओपन

■ एजेन्सी

**मेलबर्न–** बेलारुसकी आर्यना साबलेन्काले अस्ट्रेलियन ओपन टेनिस अन्तर्गत महिलातर्फको उपाधि जितेकी छिन् । मेलबर्नमा शनिबार भएको फाइनलमा काजकिस्तानकी एलिना रेबाकिनालाई हराउँदै साबालेन्का च्याम्पियन बनेकी हुन् । पाँचौं वरीयताकी साबलेन्काले एलिनालाई ४-६, ६-३ र ६-४ ले पराजित गरे । साबलेन्काको यो पहिलो ग्रान्डस्लाम टेनिसको उपाधि हो ।

२४ वर्षीया साबलेन्काले पहिलो पटक अस्ट्रेलियन ओपनको उपाधि जितेकी हुन् । एलिना भने दोस्रो पटक ग्रान्डस्लाम जित्नबाट बन्चित भईन् । पुरुषतर्फको उपाधिका लागि सर्बियाका नोभाक जोकोभिच र ग्रीसका स्टेफानोस सित्सिपास भिड्ने छन् ।

# पहिलो एकदिवसीयमा इङ्ल्यान्ड पराजित

**केप टाउन (एजेन्सी)–** जेसन रोयको उत्कृष्ट शतकका बाबजुद पहिलो एक दिवसीय खेलमा इंग्ल्याण्ड दक्षिण अफ्रिकासँग २७ रनले पराजित भएको छ । दक्षिण अफ्रिकाले प्रस्तुत गरेको २ सय ९९ रनको लक्ष्य पछ्याउने क्रममा इंग्ल्याण्ड ४४.२ ओभरमा २७१ रनमा समेटिएको हो ।



रोयले ७९ बलमा शतक बनाएपछि इंग्ल्याण्ड सहजै रूपमा जीततर्फ अग्रसर बनेको थियो । उनले ९१ बलमा ११३ रन बनाएर आउट हुँदा इंग्ल्याण्डले २० ओभरभित्र १४६ रन बनाएको थियो । ३० औँ ओभर टोलीले ३ विकेटको क्षतिमा १९६ रन बनाइसकेको थियो । तर, मोइन अली आउट भएपछि इंग्ल्याण्डको नाटकीय पतन सुरु भयो । टोलीले ४९ रनको अन्तरमा ६ विकेट गुमाउन पुग्यो । एनरिच नोर्टजेले ४ तथा कागिसो राबाडाले दुई विकेट लिए ।

यसअघि रासी भान डर डुसेनको १ सय ११ रनको मद्दतले दक्षिण अफ्रिकाले निर्धारित ५० ओभरमा ७ विकेटको क्षतिमा २९८ रन बनाएको थियो । उनलाई डेविड मिलरले अर्धशतक बनाउँदै राम्रो साथ दिएका थिए । इंग्ल्याण्डका लागि साम करनले ३ विकेट लिए ।



**लान्टर्न शो** | पूर्वी चीनको शानडोङ प्रान्तको राजधानी जिनानको बाओतु स्प्रिङपार्कमा लान्टर्न शोको आनन्द लिँदै मानिसहरू । उक्त शोले वसन्त पर्वको बिदामा तीन लाख ५० हजारभन्दा बढी पर्यटकलाई आकर्षित गरेको जनाइएको छ । *तस्बिर: सिन्ह्वा*

# भारतमा २ वटा सैनिक विमान दुर्घटना

**नयाँदिल्ली–** भारतीय वायु सेनाका दुई वटा विमानमध्ये आकाशमा एकआपसमा ठोक्किएर दुर्घटना हुँदा एक जना चालकको मृत्यु भएको छ । मध्यप्रदेश राज्यको ग्वालियरमा शनिबार बिहान भएको उक्त दुर्घटनामा बाँचेका एक जना चालकको अवस्था गम्भीर छ । वायु सेनाका अनुसार एउटा विमानमा एक जना मात्र चालक थिए भने अर्कोमा दुई जना सवार थिए ।

एउटा विमानका भग्नावशेष राजस्थानको भरतपुरमा र अर्को विमानका अवशेष मध्यप्रदेशको मोरेनामा फेला परेका मोरेनाका प्रहरी उपरीक्षकले बताएका छन् । दुर्घटनाको कारण पत्ता लगाउन जाँचबुझ समिति गठन गरिएको छ। दुवै विमान अभ्यास उडानमा थिए।

गत अक्टोबरमा अरुणाञ्चल प्रदेशमा सैनिक हेलिकप्टर दुर्घटना हुँदा पाँच जनाको ज्यान गएको थियो । त्यसअघि पनि सोही राज्यमा हेलिकप्टर दुर्घटना हुँदा त्यसका चालकको




ज्यान गएको थियो । सन् २०२१ को डिसेम्बर भारतका प्रधानसेनापति विपिन रावत सवार हेलिकप्टर दुर्घटना हुँदा १३ जनाको मृत्यु भएको थियो । *रासस/एएफपी*

# न्युजिल्याण्डमा भीषण वर्षा

**वेलिङ्टन–** मुसलधारे वर्षासँगै बाढीको प्रकोप बढेपछि देशको सबैभन्दा ठूलो सहर अकल्याण्डमा आपत्काल घोषणा गरिएको छ । यो समाचार तयार पार्दासम्म तीन जनाको मृत्यु भएको बताइएको छ । अर्का एक जना हराइरहेका छन् । व्यापक वर्षाका कारण घरहरू जलमग्न भएका छन् भने यातायात सेवा ठप्प भएको छ । आवासीय क्षेत्र र व्यावसायिक प्रतिष्ठानमा शुक्रबार विद्युत् आपूर्ति हुन सकेन । यो वर्षको ग्रीष्मकालमा ७५ प्रतिशत वर्षा हुने अनुमान गरिएकामा शुक्रबार १५




घण्टासम्म अनवरत परेको पानीले जनजीवन कष्टकर पारेको छ । राष्ट्रिय जलवायु विज्ञान विभागले अकल्याण्डमा वर्षाको प्रभाव लामो समयसम्म रहने बताएको छ ।

अकल्याडका विभिन्न भागमा अस्थायी आश्रयस्थल बनाइएका छन् । सुरक्षा बल अहोरात्र उद्धारमा खटेका छन् । स्थिति अझै सामान्य बनेको छैन । केही स्थानमा बाढीले अकल्पनीय विनास गरेको छ ।

प्रधानमन्त्री क्रिस हिप्किन्सले देशको सबैभन्दा ठूलो नगर अकल्याण्डमा धेरै क्षति भएको शनिबार पत्रकारलाई जानकारी दिए । लामो समयको अन्तरालमा देशमा मुसलधारे वर्षा भएको बताउँदै उनले क्षतिको विस्तृत विवरण प्राप्त हुन बाँकी रहेको जानकारी पनि दिए । *रासस/एएफपी*

# प्रार्थनासभा आक्रमणमा ७ जना मारिए



**जेरुसेलम–** पूर्वी जेरुसेलममा प्रार्थनासभाका लागि भेला भएका श्रद्धालुमाथि बन्दुकधारी एक जना प्यालेस्टिनीले आक्रमण गर्दा सात जना मारिएका छन् भने तीन जना घाइते भएका छन् ।

नेभ याकोभस्थित प्रार्थनास्थलमा शुक्रबार राति भएको आक्रमणमा उक्त हताहति भएको प्रहरीले जनाएको छ । उसले यो आक्रमणलाई आतंकवादी हमला भनेको छ । इजरायलका प्रहरी आयुक्त कोबी शाब्ताईले उक्त आक्रमण हालैका वर्षमा भएका हमलामध्ये सबैभन्दा भीषण भएको बताएका छन् । हमलामा एक जना ७० वर्षीया महिलाको पनि ज्यान गएको छ । इजरायली सुरक्षाकर्मीले आक्रमणकारीलाई गोली हानेर मारेका छन् । प्यालेस्टिनी लडाकू समूहले आक्रमणको प्रशंसा गरे पनि त्यसको जिम्मेवारी लिएको छैन ।

उक्त समूहले पश्चिम किनारा र गाजापट्टीमा मिठाइ बाँडेर खुसियाली साटासाट गरेको थियो । पश्चिम किनारामा इजरायलले गरेको सुरक्षा कारबाहीमा नौ जना प्यालेस्टिनी मारिएको अर्को दिन उक्त आक्रमण भएको हो ।अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनको शनिबार आइतबार हुने भ्रमणको पूर्वसन्ध्यामा भएको यो घातक हमलाले पश्चिम एसियाको सुरक्षामा संसय थपेको छ । अमेरिकाले आक्रमणको निन्दा गर्दै त्यसलाई सभ्य समाजविरुद्धको हमला भनेको छ । साथै, उसले इजरायललाई उसको सुरक्षा व्यवस्थालाई सुदृढ तुल्याउन सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

शुक्रबार नै राष्ट्रपति जो बाइडेनले प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुलाई फोन गरेर इजरायलका पक्षमा अमेरिका रहेको बताउँदै आक्रमणमा मारिएकाप्रति श्रद्धाञ्जलि व्यक्त गरेका थिए ।

**आक्रमणकारीका परिवारसहित ४२ जना पक्राउ**

पूर्वीजेरुसेलममा प्रार्थनासभाका लागि भेला भएका श्रद्धालुमाथि बन्दुकधारी एक प्यालेस्टिनीले शुक्रबार सात जनाको हत्या गरेपछि प्रहरीले आक्रमणकारीका परिवारका सदस्यसहित ४२ जनालाई शनिबार पक्राउ गरेको छ ।

आक्रमणमा उनीहरू संलग्न रहेको आशंका सोधपुछका लागि पक्राउ गरिएको इजरायली प्रहरी शनिबार एक विज्ञप्ति निकालेर जनाएको छ । विज्ञप्तिमा पक्राउ परेकाहरूका सम्बन्धमा विस्तृत विवरण नदिए पनि उनीहरू पूर्वीजेरुसेलमको समीप प्यालेस्टाइनका बासिन्दा भएका जनाइएको छ ।

प्यालेस्टिनी लडाकू समूहले आक्रमणको प्रशंसा गरे पनि त्यसको जिम्मेवारी लिएको छैन । उक्त समूहले पश्चिम किनारा र गाजापट्टीमा मिठाइ बाँडेर खुसियाली मनाएको थियो । पश्चिम किनारामा इजरायलले गरेको सुरक्षा कारबाहीमा नौ जना प्यालेस्टिनी मारिएको अर्को दिन उक्त आक्रमण भएको हो । इजरायलले उक्त आक्रमणलाई आतंकवादी हमला भनेको छ । *रासस/एएफपी*

# अस्पतालमा आगलागी हुँदा ५ जनाको मृत्यु

**नयाँदिल्ली–** भारतको पूर्वीराज्य झारखण्डको एक निजी अस्पतालमा आगलागी हुँदा पाँच जनाको मृत्यु भएको छ भने अन्य पाँच जना गम्भीर घाइते भएका छन् । धनवाद जिल्लाको बैंकमोर क्षेत्रमा रहेको हाजरा अस्पतालमा शनिबार बिहान करिब २ बजे आगो सल्केको थियो । आगो अस्पतालको दोस्रो तलामा फैलिएको थियो ।

आगोमा परेर अस्पतालतका सञ्चालक डाक्टर, उनकी श्रीमती, एक जना कामदार र दुई जना आफन्तको मृत्यु भएको छ । अस्पताल धुँवाले भरिएको र अक्सिजनको अभावमा उनीहरूको मृत्यु भएको प्रहरीले जनाएको छ ।



आगलागीको कारण नखुलेको तथा त्यसको अनुसन्धान भइरहेको धनवादका प्रहरी वरिष्ठ उपरीक्षक अरविन्दकुमार बिनाले बताएका छन् । *रासस/सिन्ह्वा*


**मण्डनदेउपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
महादेवस्थान, काभ्रेपलाञ्चोक

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७९।१०।१५)**

यस नगरपालिकाको तपसिल बमोजिमको पदमा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न समय भएको काज सरुवाबाट रिक्त भएका पदमा सेवा करारमा कर्मचारी आवश्यक परेको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट मिति २०७९/१०/२९ गते कार्यालय समयभित्रमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं | विज्ञापन नं. | पद | तह | माग पद संख्या | परिक्षाको किसिम | परिक्षा मिति |
|---|---|---|---|---|---|---|
| १ | ०५-२०७८/०७९ | अ. सव. इन्जिनियर | स्थानीय सेवाको चौथो तह सरह | ४ | लिखित र मौखिक | पछि प्रकाशन गरिने छ। |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषय प्राविधिक एस.एल.सी. वा सो सरह उत्तीर्ण वा लोक सेवा आयोगबाट सम्वन्धित पदको लागि तोकिएको शैक्षिक योग्यता ।
२. **उमेरको हद** : १८ वर्ष पूरा भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको ।
३. **सेवाको किसिम** : सेवा करार ।
४.**सेवा सुविधा** : प्रचलित कानून बमोजिम ।
५. **दरखास्त दस्तुर** :रु. ५००/-
६. **दरखास्त दिने स्थान** : मण्डनदेउपुर नगरपालिकाको कार्यालय, कुन्तावेशी, काभ्रेपलाञ्चोक ।
७. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु** : आवेदक स्वयम्ले प्रमाणित गरेको देहायबमोजिम कागजातको प्रतिलिपीहरु
क) आवेदन
ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपी
ग) शैक्षिक योग्यताको प्रमााणपत्रको प्रतिलिपी
घ) कार्यानुभव भए अनुभव खुलेको कागजातहरु
ङ) दुई प्रति पासपोर्ट साइजको फोटो
८. **पाठ्यक्रम** : अन्यथा तोकिएकोमा बाहेक सम्बन्धित पद/तहको पाठ्यक्रम लोक सेवा आयोगले तोके बमोजिम हुनेछ ।
९. **करार अवधि : २०८० असार मसान्त सम्म हुनेछ ।**
१०. **दरखास्त फाराम कार्यालयको website: *www.mandandeupurmun.gov.np*** बाट प्राप्त गर्न सकिने छ ।
**नोट : ग्रेडिङ प्रणाली लागू भए पश्चात् एस.एल.सी. वा सो सरह परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA 2 वा सोभन्दा माथिको ग्रेड प्वाइन्ट प्राप्त गरेकोलाई न्युनतम योग्यता पूरा भएको मानिनेछ ।**

**संयोजक**
**पदपूर्ति समिति**



**वर्गीकृत विज्ञापन संकलन काउन्टर**

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेसनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४



आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०५८०० | प्रति तोला – १०५३०० | प्रति तोला – १३८० |



**मनोरम बल्थली** | काभ्रेपलाञ्चोकको पनौती नगरपालिका–११ स्थित बल्थलीको सुन्दर फाँट र बस्ती । यो फाँटमा अहिले स्थानीयले आलु रापेका छन् ।

*तस्बिर : राजकुमार पराजुली, रासस*

# ६ महिनामा १७ सय ४१ विद्युतीय कार भित्रिए

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालू आर्थिक वर्ष २०७९/८० को ६ महिनाको अवधिमा नेपालमा साढे १७ सय वटा विद्युतीय सवारीको आयात भएको छ । भन्सार विभागले दिएको जानकारीअनुसार चालू वर्षको साउनदेखि पुससम्मको अवधिमा १७ सय ४१ वटा विद्युतीय कार आयात भएको हो ।

यस अवधिमा १०० किलोवाटसम्मको इञ्जिन भएको विद्युतीय कार सबैभन्दा धेरै भित्रिएका छन् । पुससम्ममा १७ सय वटा १०० किलोवाट क्षमताका विद्युतीय कार भित्रिएका छन् । यस्तै, २०० किलोवाटसम्मका ३५ वटा विद्युतीय कार आयात हुँदा ३०० किलोवाटसम्मका ५ वटा विद्युतीय सवारी आयात भएका छन् ।



विभागका अनुसार १०० किलोवाटसम्मका विद्युतीय कार आयात गर्दा ४ अर्ब ७३ करोड ७८ लाख रूपैयाँ बाहिरिएको छ । यस्तै, २०० किलोवाटसम्मका विद्युतीय कार आयात गर्दा १५ करोड ६१ लाख रूपैयाँ र ३०० किलोवाटसम्मका विद्युतीय सवारी आयात गर्दा ३ करोड ५१ लाख रूपैयाँ बाहिरिएको छ ।

गत महिनासम्म नेपालमा १०० किलोवाट क्षमताका १३ सय २० वटा विद्युतीय कार आयात भएका थिए । र, यिनीहरूको आयात मूल्य कूल ३ अर्ब ६७ करोड १२ लाख रूपैयाँ रहेको थियो । यस्तै, गत महिनासम्म २०० किलोवाट क्षमताका १३ करोड ५८ लाख रूपैयाँ बराबरका ३० वटा कार भित्रिएका थिए । यसैगरी, १ करोड ८६ लाख रूपैयाँ बराबरका ३०० किलोवाटसम्मका ३ वटा विद्युतीय कार भित्रिएका थिए ।

नेपालले विश्वका ५ वटा मुलुकबाट विद्युतीय कार आयात गर्दै आइरहेको छ । चीन, भारत, इन्डोनेसिया, कोरिया र अमेरिकाबाट विद्युतीय कार भित्रिएको तथ्याङ्क विभागसँग छ । र, सबैभन्दा धेरै चीन र भारतबाटै विद्युतीय कार भित्रिएका छन् । यस अवधिमा भारतबाट सबैभन्दा धेरै ३ अर्ब ४६ करोड ८३ लाख रूपैयाँको विद्युतीय कार भित्रिएका छन् ।

खास गरी, भारतमा टाटाले उत्पादन गर्ने विद्युतीय कार नेक्सनले बजार लिइरहँदा नेपालमा समेत यो मोडलले राम्रो बजार लिइरहेको छ । यहीकारण, नेपालमा भारतबाट टाटाको नेक्सन कार भित्रिँदा सबैभन्दा धेरै विद्युतीय कार भारतबाटै आयात भएको देखिएको हो । यतिबेला बजारमा टाटाको नेक्सनले आफ्नो छुट्टै पहिचान बनाइरहेको छ । भारतमा समेत यो मोडलको कार सबैभन्दा धेरै बिक्री भइरहेको कार हो ।

भारतपछि चीनबाट ६० करोड रूपैयाँ बराबरको विद्युतीय कार भित्रिएको छ । यस्तै, कोरियाबाट ८५ करोड रूपैयाँको विद्युतीय कार भित्रिएको छ भने अमेरिकाबाट २ करोड रूपैयाँ बराबरका कार भित्रिएका छन् । यसैगरी, इन्डोनेसियाबाट ६४ लाख रूपैयाँ बराबरको कार भित्रिएको तथ्याङ्क छ ।

# टरिगाउँ एयरपोर्टमा सीताको सफल परीक्षण उडान

**दाङ (प्रस)–** दाङको तुलसीपुर उपमहानगरपालिका-१२ टरिगाउँस्थित विमानस्थलमा सीता एयरले परीक्षण उडान गरेको छ । शुक्रबार सीता एयरको १९ सिटे ९ ए-एजेएच विमान एयरपोर्टमा अवतरण गरेको हो । सुरुआतमा पश्चिमतर्फबाट र पुनः पूर्वतर्फबाट विमान अवतरण गरेको हो । दुवैतर्फबाट विमान अवतरण गर्न सहज नै रहेको क्याप्टेन रवीन्द्र डङ्गोलले बताए । ‘दुवैतर्फबाट अवतरण सहजै छ’, उनले भने, ‘यहाँको समग्र प्रतिवेदन क्याल्कुलेशन गरेर प्रतिवेदन निकाल्छौँ ।’ केही रुख, पानीको ट्याङ्की र आकासमा चरा धेरै हुँदा समस्या हुने उनको भनाइ थियो । ‘यताउती फोहर धेरै हुनसक्छ, त्यसको नियन्त्रण गरे हुन्छ ।’

सीता एयरका कर्मचारी राजेन्द्रबहादुर सिंहले अहिले जहाज अवतवरणका लागि सहज-असहजका विषयमा परीक्षण गरिएको भन्दै यसको विस्तृत प्रतिवेदन आएपछि मात्रै उडान नियमित हुने बताए । अहिले जहाज नियमित नहुँदा यात्रुले पटक-पटक असुविधा पाउने गरेका छन् । त्यसले गर्दा पनि सीता एयरसँग सहकार्य अघि बढाएको तुलसीपुर उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काले बताए । ‘समयमा जहाज नआउने, नियमित नआउने समस्या छ’, उनले भने, ‘यसले गर्दा हामीहरू पनि नेपालगञ्ज, भैरहवा जानुपर्ने अवस्था छ, यसको अन्त्य भई हामीले सहज सेवा पाउनुपर्छ भन्ने हो ।’

हाल नेपाल वायुसेवा निगमको १९ सिटे जहाजले हप्तामा आइतबार, मङ्गलबार, बिहीबार र शनिबार उडान भर्ने गरेको छ । हाल टरिगाउँमै इन्धन डिपो स्थापना भई सञ्चालनमा आइसकेको छ तर भाडा घट्न सकेको छैन । हाल दाङदेखि काठमाडौँको न्यूनतम रु आठ हजार आठ सय दश र काठमाडौँदेखि दाङको भाडा न्यूनतम रु नौ हजार १० रहेको छ । निजी विमान सञ्चालन भएसँगै भाडा घट्ने अपेक्षा गरिएको छ । साथै हाल रहेको सात सय ५० मिटर लम्बाइ र ३० मिटर चौडाइको धावनमार्ग विस्तारका लागि पहल भइरहेको छ । उक्त विमानस्थलमा केही समय अघि समिट एयरले पनि उडान भर्ने गरेको थियो ।

# भोजपुरका किसानको आम्दानीको स्रोत बन्दै सुन्तला

■ युवराज विष्ट

**भोजपुर–** सुन्तला बिक्रीबाट यहाँका किसानले राम्रो आम्दानी गर्दै आएका छन् । व्यावसायिकरूपमा सुन्तला खेती गर्दै आएका किसान राम्रो आम्दानी लिन सफल भएका हुन् ।

विगतमा यहाँको स्थानीय बजारमा मात्र बिक्री हुने सुन्तला सडकका कारण अहिले धेरै जसो बाहिरका जिल्लामा पुग्न थालेपछि किसानले राम्रो मूल्य पाएका हुन् । राम्रो बगान भएका किसानले वार्षिक रु छ देखि १० लाखसम्म आम्दानी गर्दै आएका छन् ।

यहाँका सबै स्थानीय तहमा सुन्तला उत्पादन हुने भए पनि विशेष गरेर टेम्केमैयुङ गाउँपालिकाको खावा केराबारी, अन्नपूर्ण, छिनामखु, कोट, गोगनेसँगै भोजपुर नगरपालिकाको दावा, बोमिख, पोखरे, तथा षडानन्द नगरपालिका, हतुवागढी गाउँपालिका र रामप्रसाद राई गाउँपालिकामा सुन्तला बढी उत्पादन हुने गरेको छ ।

टेम्केमैयुङ-५ खावा केराबारीका चण्डालकुमार राईले यो व्यावसायबाट राम्रो आम्दानी गरिरहेको बताए । आफ्नो बगानमा रहेका सुन्तला र बिरुवा बिक्रीबाट वार्षिक रु सातदेखि १० लाखसम्म आम्दानी लिने गरेको उनको भनाइ छ । ‘मैले सुन्तला खेतीबाट राम्रो आम्दानी लिँदै आएको छु,’ कृषक राईले भने, ‘व्यावसायिकरूपमा सुन्तला खेतीबाट राम्रो आम्दानी लिन सकिन्छ, मेरो बगानमा चार सय बोट सुन्तलाका छन् ।’

राईले ४४ वर्षअघिदेखि सुन्तला व्यवसायमा लागेको बताए । सुन्तला खेती किसानहरूको पेन्सनका रूपमा लिन सकिने उनको भनाइ छ । बिरुवा हुर्काएपछि सय वर्षसम्म लाभ लिन सकिने भएकाले यो व्यवसाय वृद्धवृद्धाका लागि बाँच्ने आधार रहेको उनको भनाइ छ । ‘सुन्तला खेती बुढेसकालको सहारा बनेको छ,’ उनले भने, ‘एक पटक बिरुवा हुर्काएपछि लामो समयसम्म निरन्तर आम्दानी हुन्छ, सामान्य रूपमा बगानको हेरचाह मात्र गरे धेरै दुःख गर्न पर्दैन ।’

व्यावसायिक सुन्तला खेतीमा लागेका उनी विभिन्न समयमा उत्कृष्ट कृषकका रूपमा सम्मानितसमेत बनेका छन् । ठेकेदारले बगानबाटै सुन्तला किन्ने गरेका छन् । आफैंले बिक्री गर्न बजारसम्म लैजान सके राम्रो मूल्य लिन सकिने उनको भनाइ छ । यहाँको सुन्तलाको मुख्य बजार धरान, इटहरी, विराटनगर र काठमाडौं रहेको राईले बताए । ‘यहाँको सुन्तलाको बजारमा राम्रो माग छ,’ उनले भने, ‘मुख्य रूपमा धरान, इटहरी, विराटनगर र काठमाडौं जान्छ, उत्पादन भएको सुन्तला बिक्री गर्न कुनै समस्या छैन ।’

यो क्षेत्रका अधिकांश किसानले व्यावसायिकरूपमा सुन्तला खेती गरिरहेको स्थानीय किसान देवराज राईले बताए । खावा केराबारीका किसानले मुख्य आम्दानीको स्रोतका रूपमा सुन्तलालाई बनाएको उनको भनाइ छ । यहाँको सुन्तलाको बजारमा राम्रो माग रहेको किसान राईले जानकारी दिए । बोक्रा पातलो तथा अन्य ठाउँको सुन्तलाको तुलनामा गुलियो हुने भएकाले केराबारीको सुन्तलाको बजारमा छुट्टै स्थान रहेको उनले बताए ।

‘यहाँका ७० बढी घरपरिवारको मुख्य आम्दानीको स्रोत सुन्तला हो,’ उनले भने, ‘सुन्तलाबाट राम्रो आम्दानी गरिरहेका छौं, यो समयमा यहाँका कृषक सुन्तला बिक्रीमा व्यस्त रहेका छन् ।’ सुन्तलाबाट राम्रो आम्दानी हुने भए पनि थप खेती विस्तारमा लागेको किसान राईको भनाइ छ । आफ्नो बारीमा चार सय बोट सुन्तलाका बिरुवा लगाएको उनले बताए । ‘अहिले पुरानो बगानबाट वार्षिक रु एक लाख ५० हजारदेखि दुई लाखसम्म आम्दानी हुन्छ,’ किसान राईले भने, ‘केही वर्षपछिबाट रु १० देखि १२ लाखसम्म आम्दानी लिने लक्ष्य छ ।’

सिँचाइ तथा आधुनिक प्रविधिको विकासमा जोड दिनसके अझ राम्रो आम्दानी गर्न सकिने उनको भनाइ छ । पछिल्लो समय यो क्षेत्रका धेरै युवा व्यावसायिक सुन्तला खेती विस्तारमा जुटेको उनले बताए । किसानलाई प्रोत्साहनका कार्यक्रम ल्याउन सके थप सहजता हुने किसानको भनाइ छ । *रासस*

# खानीगाउँमा फोरजी सेवा

**बाग्लुङ (प्रस)–** जिल्लाको दुर्गम गाउँ ढोरपाटन नगरपालिका-६ खानीगाउँमा नेपाल टेलिकमको फोरजी इन्टरनेट सेवा विस्तार गरिएको छ । टेलिकमले एक वर्षअघि टुजी र थ्रिजी इन्टरनेट सेवा विस्तार गरेको खानीगाउँमा फोरजी सेवा सञ्चालनमा ल्याएको हो ।

नेपाल टेलिकमले डिजिटल नेपाल निर्माण गर्ने लक्ष्यअनुरूप देशभरका विकट र दुर्गम बस्तीलाई प्राथमिकतामा राखेर सेवा विस्तार र स्तरोन्नति कार्यलाई तीव्रता दिएको नेपाल टेलिकम बागलुङका प्रमुख वरिष्ट इञ्जिनियर केशव शर्माले बताए । ‘खानीगाउँमा एक वर्ष पहिले नै टुजी र थ्रिजीको इन्टरनेट सेवा विस्तार गरेका थियौं’, प्रमुख शर्माले भने, ‘विकट स्थानलाई प्राथमिकतामा राखेर सेवा विस्तार गर्ने कार्यालयको उद्देश्यअनुरूप यस वर्षदेखि फोरजी इन्टरनेट सेवा सञ्चालन गरेका हौं ।’

खानीगाउँमाथि रहेको डाँडामा १२ मिटर अग्लो टावर निर्माण गरी फोरजी इन्टरनेट सेवा उपलब्ध गराइएको प्रमुख शर्माले बताए । उनले सेवाबाट खानीगाउँसहित खिबाङ, खोरिया, थाम्का र चामीदुवार गाउँका दुई सय बढी घरधुरी प्रत्यक्ष लाभान्वित भएको जानकारी दिए ।

जाडोबाट बच्न निम्न उपायहरू अवलम्बन गरौं

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यायो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारिरीक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ